PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com

जातीय विभेदको अन्त्य गरौं
- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछूत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 February 17 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७१

## दुई सातादेखि प्रमुखविहीन मालपोत, भूमिसुधार कार्यालयको काम प्रभावित

प्रस, वीरगंज, ४ फागुन/

भूमिसुधार तथा मालपोत कार्यालय, पर्सा दुई सातादेखि प्रमुखविहीन छ। कार्यालयका प्रमुख मालपोत अधिकृत कमोद तिवारीविरुद्ध अखितयार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचारसम्बन्धी माघ २० गते मुद्दा दायर गरेपछि कार्यालय प्रमुखविहीन भएको हो।

मालपोत कार्यालय, पर्सा प्रमुखविहीन भएपछि मुद्दालगायत प्रमुखले गर्ने कार्यहरू प्रभावित भएका छन्। दुई सातादेखि प्रमुख मालपोत अधिकृतमार्फत हुने सबै काम रोकिएका छन्।


तस्वीरः फाइल

प्रमुख मालपोत अधिकृतले नै पछिल्लो केही समयदेखि प्रमुख भूमिसुधार अधिकृतको जिम्मेवारी सम्हालेकाले भूमिसुधारको काम पनि प्रभावित छ। प्रमुखले गर्ने मोहीलगायतका फैसलाहरू अहिले हुन सकेका छैनन्।

दुई सातादेखि दुवै कार्यालय प्रमुखविहीन भएपछि सेवाग्राहीहरूलाई समस्या भएको हो।

मालपोत कार्यालय, पर्सा प्रमुख मालपोत अधिकृत एकजना, चारजना मालपोत अधिकृत र एकजना कम्प्युटर अधिकृत गरी छजनाको दरबन्दी छ तर छजनै अधिकृत मालपोतमा छैनन् र सुब्बाको भरमा कार्यालय चलिरहेको छ।

नायब सुब्बा राजेश्वर साहले प्रमुख अधिकृत र अधिकृतहरू नभएको बताए। उनले प्रमुख मालपोत अधिकृतबाट हुने कार्य दुई सातादेखि प्रभावित भएको र अन्य कामहरू भने नियमितरूपमा भइरहेको बताए।

## राष्ट्रपतिको प्रस्ताव आए पार्टीले चाँडै छिनोफानो गर्ने –वरिष्ठ नेता खनाल

प्रस, निजगढ, ४ फागुन/

नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले मुलुकलाई हाँक्ने मुख्य दलका नेताहरूले बेलैमा गम्भीरताका साथ सोच्नुपर्ने बेला आइसकेको बताएका छन्।


पूर्वप्रम खनाललाई सिमरा विमानस्थलमा स्वागत गर्दै सांसद कृष्णकुमार श्रेष्ठलगायत। तस्वीरः प्रतीक

नेकपा एमालेका केन्द्रीय सदस्य दुर्गा प्रसाईंको नेतृत्वमा झापाको मेचीबाट केही दिनअघिदेखि पूर्वराजा ज्ञानेन्द्र शाहसहित राजपरिवारका सदस्यहरू सम्मिलित अभियान शुरू गरेकोप्रति लक्षित गर्दै पुनर्उत्थानवादी शक्तिहरू पुनः उठ्न सक्ने सङ्केत देखिन थालेको बताएका छन्।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) लिबरेशन पार्टीको ११औं महाधिवेधनमा सहभागी हुन हवाई उडानमार्फत काठमाडौंबाट बाराको सिमरा विमानस्थल आउँदा नेकपा (एस) बारा जिल्ला कमिटीद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले आफ्नो पार्टीलाई राष्ट्रपतिको प्रस्ताव आए दुई/चार मिनेटमैं छिनोफानो हुने बताउँदै अहिले खिंचडी सरकार भएकोले कहिलेसम्म टिक्ने भन्ने प्रश्न तेर्सिएको तर वामपन्थी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएकाले केही आशा भने पलाएको बताए।

प्रेम आचार्यले संसद् भवनअगाडि गरेको आत्मदाहको घटना राज्यको लागि सोचनीय मुद्दा भएकोले उनले सामाजिक सञ्जालमा छोडेका लिखतलाई राज्यले नजरअन्दाज गरेर बस्न नमिल्ने भन्दै यसलाई गम्भीरतापूर्वक लिनुपर्ने वरिष्ठ नेता खनालले बताए।

"गत निर्वाचनमा वामपन्थी शक्तिको पक्षमा आमजनता उर्लिएको प्रस्ट छ। वामपन्थी शक्तिहरू एकताबद्ध भई सरकार सञ्चालन गर्न सकिने सङ्ख्या छ। तर पनि किन ? वामपन्थी शक्तिहरू एकताबद्ध हुँदैनन्," उनले भने। जनआन्दोलनबाट प्राप्त भएका तमाम उपलब्धिलाई संस्थागतरूपमा स्थापित गर्नुको अर्को विकल्प प्रजातन्त्रवादी, लोकतन्त्रवादी र गणतन्त्रवादी नेता र दलहरूसँग नभएको भन्दै उनले दक्षिणपन्थी अवसरवादी चिन्तन, प्रवृत्तिहरू प्रकट हुँदै गएकाले मुलुकको समग्र विकास जनताको पक्षमा जान नसकेकोप्रति चिन्ता व्यक्त गरे। मुलुकलाई हाँक्ने मुख्य दलका नेताहरू आमजनताको जीविका, मुलुकको सार्वभौमसत्ता, राष्ट्रियता, स्वाधीनताका सवालमा सदैव चनाखो हुनुपर्ने बताउँदै रोजगार, कृषि, शिक्षा, स्वास्थ्यलगायतका तमाम विषयमा चिन्ततमनन गर्दै सुधार गर्नुपर्ने अन्यथा अर्को राजनीतिक शक्तिको उदय हुनेमा कुनै दुई मत नभएको उनले भने।

राष्ट्रिय सहमतिको सरकार र राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन हुनुपर्ने आफ्नो पार्टीको धारणा रहेको उनले प्रस्टयाए।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीप्रति लक्षित गर्दै नेता खनालले दुई तिहाइको बहुमत प्राप्त गरे पनि वामपन्थी शक्तिलाई भङ्ग गर्नु नै मुलुकको लागि दुर्भाग्यपूर्ण भएको भन्दै आगामी दिनमा सबै वामपन्थी शक्तिका नेताहरू गम्भीर हुँदै एकअर्कामा विश्वासका साथ अघि बढ्नुपर्ने बताए। केपी ओलीको दम्भ र घमण्ड सत्ताबाट बहिर्गमन भएपनि उस्तै रहेकोले यस कार्यमा बाधक रहेकोतर्फ उनले इङ्गित गरे।

पत्रकार सम्मेलनमा तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको विषयमा ओलीले पूर्ण पाठ कण्ठ गर्नको लागि हो र प्रसङ्गमा उनले सर्वोच्च अदालतका फैसलाहरू उसैले नकाटेसम्म सो फैसला ऐन सरह हुने र ठूलो दलको नेता हुँ भन्ने दम्भ नराख्न पूर्वप्रम खनालले सचेत गरे।

पत्रकार सम्मेलनमा केन्द्रीय सचिव नागेन्द्र चौधरी, केन्द्रीय सदस्य एवं बारा क्षेत्र नं ४ का सांसद कृष्णकुमार श्रेष्ठ, केन्द्रीय सदस्य दिनेश राई, नेताहरू रामचन्द्र साह, बालगोपाल थापा, श्रीप्रसाद पासवान, सरिता राईलगायत सहभागी थिए। वरिष्ठ नेता खनालका साथमा उनकी पत्नी रविलक्ष्मी चित्रकार, पार्टीको विदेश विभाग सचिव शङ्कर खतिवडा पनि सहभागी थिए। उनी आजै वीरगंज–रक्सौल हुँदै भारतको पटना प्रस्थान गरेका छन्।

नेकपा (एस)का बारा अध्यक्ष विजेन्द्रप्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन वीरेन्द्रप्रसाद साहले गरेका थिए।

## पर्साका बन्द क्रसर उद्योग खुलाउन अनुगमन

प्रस, वीरगंज, ४ फगुन/

जिल्ला समन्वय समिति, पर्साले सरोकारवालाहरूको टोली बनाइ बन्द क्रसर खुलाउन बिहीवारदेखि स्थलगत अनुगमन शुरू गरेको छ।

नेपाल सरकारले केही महीनाअगाडी देशभरिका क्रसर उघोगलाई बन्द गरेको थियो। क्रसर उद्योग बन्द भएपछि देशभरिमा आन्दोलन हुन थालेपछि पछिल्लोपटक बसेको मन्त्रिपरिषद्को बैठकले सबै जिल्लामा पत्राचार गरी अनुगमनपश्चात् बन्द क्रसर उद्योग खोल्ने निर्णय गरेको थियो।

सोही निर्णयलाई कार्यान्वयन गर्नका लागि पर्सामा पनि अनुगमन गर्न थालिएको जिसस, पर्साका प्रमुख निरञ्जन सर्राफले जानकारी दिए।

जिसस, पर्साले माघ २६ गते सार्वजनिक सूचना जारी गर्दै १५ दिनभित्र क्रसर उद्योग तथा गिट्टी, बालुवा प्रशोधन केन्द्रहरूसँग भएका आवश्यक कागजातहरू माग गरेको थियो।

पर्सामा नौवटा क्रसर उद्योग रहेकामा पाँचवटा क्रसर उद्योगले मागे अनुसार कागजात पेश गरेको जिसस प्रमुख सर्राफले बताए।


तस्वीरः प्रतीक

पर्सामा वीमनपा–२९ मा बालुवा प्रशोधन केन्द्र, जय नेपाल बालुवा प्रशोधन प्रालि, गङ्गा बालुवा उद्योग, पप्पु–स्वच्छन्द सखुवाप्रसौनी, यादव क्रसर उद्योग मुसैली र नेपाल क्रसर उद्योगले आवश्यक कागजात पेश गरेको प्रमुख सर्राफले बताए। प्राविधिक टोलीले कागजात हेरी ठीक भए नभएको यकीन गरी स्थलगत अनुगमनपछि मात्र क्रसर उद्योग खोल्न आदेश दिने प्रमुख सर्राफले बताए।

## बाबा बैधनाथ विद्यालयको विवाद सल्टियो

प्रस, सेढवा, ४ फागुन/

जगरनाथपुर गाउँपालिका–३ स्थित बाबा बैधनाथ आधारभूत विद्यालय, गढैयामा भएको घटना साम्य भएको छ।


तस्वीरः फाइल

वडाध्यक्ष सुभाषकुमार यादवको अध्यक्षतामा बसेको बैठकले विवादलाई साम्य गरेको हो।

विद्यालयमा परिसरमा अभिभावक तथा भद्रभलादमीहरू बसी अभद्र व्यवहार गर्ने युवाहरूलाई दोषी ठहर गर्दै माफी माग्न लगाउनुका साथै आइन्दादेखि विद्यालयमा यस्तो क्रियाकलाप नगर्ने प्रतिबद्धता जाहेर गराएको वडाध्यक्ष यादवले बताए।

विद्यालयमा अभद्र गतिविधि गर्नेलाई आगामी दिनमा सार्वजनिक मुद्दा लगाउने चेतावनी पनि दिइएको थियो। स्थानीय युवाहरूले हिजो विद्यालयमा उपद्रो मच्चाएका थिए।

सोही विषयलाई लिएर आज वडामा छलफल भएको र युवाहरूले आफ्नो गलती स्वीकारेको वडाध्यक्ष यादवले

(बाँकी अन्तिम पातामा)

## ठगीको आरोपमा चारजना पक्राउ



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ४ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले वीरगंज महानगरपालिका–१५ स्थित हिमाल होटलअगाडिको सडकखण्डबाट चारजनालाई ठगीको आरोपमा पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्ला सर्लाही, बरहथवा नगरपालिका–१० का ३१ वर्षीय रामवीर चौधरी, सोही नपा वडा नं ६ का ४५ वर्षीय लालबाबूराय यादव, वडा नं १८ का ३८ वर्षीय राकेश कुर्मी र वडा नं १७ निवासी २७ वर्षीय अवधेशकुमार राय रहेको प्रहरीले जानकारी गराएको छ।

प्रहरी निरीक्षक प्रज्वल थपलिया नेतृत्वको प्रहरी टोलीले बुधवार राति २ बजेको समयमा बिआर३१पी०६४९ नम्बरको स्कारपियो गाडीमा सवार चारजना नक्कली सुन (बिस्कुट आकारको १ किलो लेखिएको) देखाइ भ्रममा पारी ठगी गर्ने नियतले विनाबिलबीजक नक्कली सुन बिक्री गर्न लागेकाले चारैजनालाई पक्राउ गरेको हो।

बरामद सुन परीक्षणपछि सुनको जलप भएको धातु नक्कली सुन ठहर भएको प्रहरीले जनाएको छ।



## विचारसार र सूक्तिहरू

**सम्मान एउटा यस्तो लगानी हो, जुन हामी जति अरूलाई दिन्छौं, त्यति नै हामीलाई ब्याजसहित प्राप्त हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# उद्धारमा समस्या


**यो शताब्दीकै शक्तिशाली, ७.८ म्याग्नेच्युटको भूकम्पले टर्की र सिरियालाई तहसनहस पारेको छ। अघिल्लो सोमवार बिहान सवा चार बजे गएको उक्त भूकम्पबाट परस्पर छिमेकी यी दुई मुलुकमा अहिलेसम्म ४१ हजारभन्दा बढीको मानिसको ज्यान गएको पुष्टि भइसकेको छ। मानवीय हताहतीको हिसाबले सिरियाभन्दा टर्कीमा बढी क्षति छ । हालसम्म सिरियामा करीब ६ हजारजनाले ज्यान गुमाएको पुष्टि भएको छ भने सिरियामा ३० हजारको ज्यान गएको पुष्टि भइसकेको छ । उद्धारको क्रम जारी छ, ज्यान गुमाउने र बेपत्ता हुनेको सङ्ख्या बढ्दो छ । उत्तरी सिरिया र दक्षिणपूर्वी टर्कीको नियन्त्रणमा रहेको सिरियाली गाजियान्टेप नजीक केन्द्रबिन्दु बनाएर भूकम्प गएको हो । वैज्ञानिकहरूका अनुसार उक्त भूकम्पबाट पाँच सयवटा आणविक बमले निष्कासन गर्ने ऊर्जा जत्तिकै ऊर्जा निष्कासन भएको थियो। टर्की र सिरियाका दशौं लाख भूकम्पपीडित सहयोगको प्रतीक्षा गरिरहेका छन् । भूकम्पको एक सातापछिसम्म जीवित उद्धारका घटनाहरू पनि प्रकाशमा आएका छन्। उद्धारकर्मीहरूले आइतवार सात महीनाको एउटा शिशु र अर्की एक किशोरीलाई भग्नावशेषबाट जीवितै उद्धार गरेका छन्। शनिवार पनि एक ७० वर्षीयालाई जीवितै उद्धार गरिएको थियो। भूकम्पको करीब एक सातापछि पीडितहरूलाई जीवित उद्धार गर्न सफल भएकोमा उनीहरूले त्यसलाई चमत्कार भन्दै खुशी प्रकट गरेका छन् ।**

**उद्धारको क्रम सुस्त रहेको सर्वसाधारणको गुनासो छ । आवश्यक उपकरणको अभावमा गैंती, सावेलको भरमा उद्धार गर्नुपरिरहेको उद्धार टोलीको गुनासो छ । यति ठूलो महाविनाशको अवस्थमा पनि विश्व समुदायको तदारुकतामा केही विलम्ब भइरहेको संयुक्त राष्ट्रसङ्घको ठम्याइ छ । राष्ट्रसङ्घले राहत तथा उद्धारका निम्ति विश्वलाई आह्वान गर्नुका साथै राष्ट्रसङ्घीय विज्ञ टोलीलाई भूकम्प प्रभावित क्षेत्रमा पठाएको छ। संयुक्त राष्ट्रसङ्घले टर्की र सिरियाका आठ लाख ७० हजार भूकम्पपीडितलाई तत्काल तातो खाना आवश्यक परेको बताएको छ । सिरियामा ५३ लाख मानिस घरवारविहीन भएका अनुमान गरिएको छ ।**

**भूकम्पपीडित दुई मुलुक टर्की र सिरिया परस्पर विरोधी मुलुक हुन् । सन २०११ देखि सिरिया युद्धमा फसेको छ । युद्धका कारण करीब चार लाख मानिसले ज्यान गुमाइसकेका छन् । रूस र इरानको बलियो समर्थन सिरिया सरकारलाई छ भने सरकारविरोधी विद्रोही समूहहरू विभिन्न विदेशी मुलुकको समर्थन प्राप्त छ। सन् २०१९ मा टर्कीले सिरियामा टर्की विरोधी क्षेत्रमा सीधै हमला गरेको थियो । विद्रोहीमध्ये टर्की समर्थक छापामार समूहले सिरियाको केही भाग अझै कब्जामा राखेको छ । भूकम्प पीडितको उद्धारका लागि सिरियाको द्वन्द्व पनि मुख्य तगारो बनेको छ। बाहिरी सहयोग कर्ताहरूको लागि भन्दै सिरियाले बल्ल दुईवटा नाका खुला गरेको छ । टर्कीमा अग्ला घरहरू उद्धारको निम्ति मुख्य चुनौती बनेका छन् । भूकम्प र पटक-पटकको परकम्पनले अग्ला महलहरू भत्कँदा शहरका सडकहरू पुरिएका छन् । फराकिलो सडकहरूमा समेत दुवै किनाराका अग्ला घरहरू लम्पसार परेका छन्। साँघुरा सडकको त नामोनिशान छैन। प्रतिकूल मौसम पनि उद्धारमा बाधक बनेको छ । जतिसुकै भूकम्प प्रतिरोधी भनिए पनि अग्ला महल र जतिसुकै राष्ट्रहितका लागि भने पनि आपसी द्वन्द्वले कसैको हित गर्दैन भन्ने कुरा टर्की र सिरियाबाट पुष्टि भएको छ ।**

# नेपाल-भारत सम्बन्ध सुदृढ बनाउने प्रयास

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**यस्तो भ्रमण र दुई पक्षीय वार्ताहरूबाट दुई देशबीचको विशिष्ट सम्बन्धलाई अझ सुदृढ गर्ने र दुई देशका जनताको हितका लागि बहुआयामिक विकास सहयोगलाई विस्तार गर्ने दिशामा मदत मिल्ने गर्दछ ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा नयाँ गठबन्धन सरकार अस्तित्वमा आएपछि दक्षिणी छिमेकी भारतका परराष्ट्र मामिलाका सचिव विनयमोहन क्वात्राको पहिलो नेपाल भ्रमण हालै सकिएको छ । उत्तरी छिमेकी चीन र संयुक्त राज्य अमेरिकाका उच्च अधिकारीहरूको नेपाल भ्रमण भएपश्चात् भारतीय परराष्ट्र सचिवको नेपाल भ्रमण भएको हो । नेपाल-भारत परम्परागत बहुआयामिक सम्बन्धलाई अझ बढी प्रगाढ बनाउने उद्देश्यले यो भ्रमण भएको मान्न सकिन्छ। जनस्तरमा स्थापित यस सम्बन्धले सदीऔंदेखि कायम राखेको सभ्यतागत र सांस्कृतिक सम्बन्धको जगमा हामीबीच निकटको साझेदारी पनि रहेको छ । दुई देशबीच हुँदै आएको उच्चस्तरीय भेटवार्ताको परम्परा अनुरूप नै यो भ्रमण पनि भएको हो ।

भारतका परराष्ट्र सचिवले नेपालका राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दहाल, परराष्ट्रमन्त्री विमला राई पौडेल, नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, आफ्ना समकक्षी नेपालका परराष्ट्र सचिव भरतराज पौडेल र नेपालका विभिन्न राजनीतिक दलका नेताहरूसित पनि भेटवार्ता गरे। मङ्सिर ४ गते भएको आम निर्वाचनपछि भारतीय विदेश सचिवको यो पहिलो नेपाल भ्रमण थियो ।

नेपालका परराष्ट्रसचिव भरतराज पौडेलको निमन्त्रणमा नेपाल आएका भारतीय परराष्ट्र सचिव श्री क्वात्रा र नेपालका परराष्ट्र सचिवबीच भएको वार्तामा विकास साझेदारी, ऊर्जा सहकार्य, व्यापार तथा आर्थिक सहकार्य, संस्थागत सम्पर्क र जनता-जनताबीचको सम्बन्धलगायत नेपाल र भारतबीच भएको बहुआयामिक सहयोगका विविध पक्षबारे पनि छलफल भएको छ ।

गत वर्ष नेपालमा प्रधानमन्त्रीको भ्रमणाको क्रममा अन्तर्देशीय कनेक्टिभिटी, जलविद्युत् सहयोग, संस्कृति, व्यापार तथा वाणिज्यलगायत विविध क्षेत्रमा गरिएका प्रतिबद्धता कार्यान्वयनमा भएको प्रगतिको पनि दुवै परराष्ट्र सचिवले समीक्षा गरे। रेलमार्ग कनेक्टिभिटीको सम्बन्धमा दुवै पक्षले जयनगर-कुर्था-बिजुलपुरा-बर्दिवास र जोगबनी-विराटनगर रेल परियोजनाका बाँकी खण्डको निर्माण चाँडै सम्पन्न गरी सञ्चालनमा ल्याउने विषयमा पनि सहमति भएको छ। साथै दुई पक्षबीच प्रस्तावित रक्सौल-काठमाडौं रेल परियोजना अघि बढाउन आवश्यक पर्ने प्रक्रियागत कार्यलाई द्रूतगतिमा अगाडि बढाउने सहमति पनि भएको छ ।

दुवै परराष्ट्र सचिवबीच भएका सहमतिका अन्य महत्त्वपूर्ण विषयहरूमा गत वर्ष ऊर्जा सहकार्यमा भएको प्रगतिबारे पनि छलफल भएको छ। जस अन्तर्गत नेपाल अहिले भारतमा ४५२.६ मेगावाट विद्युत् निर्यात गर्न सक्षम भएको छ। यसले भारतलाई बिजुली प्राप्त भएको छ भने नेपालमा थप राजस्व स्रोतको सिर्जना पनि गरेको छ । नेपाली पक्षले दीर्घकालीनरूपमा भारततर्फ विद्युत् निर्यातका लागि मार्ग प्रशस्त गर्न तथा भारत र नेपालबीचको ऊर्जा व्यापारलाई थप सुदृढ बनाउन विनिमय बजारका सबै उत्पादनलाई उपयोग गर्न पनि नेपाली पक्षले भारत समक्ष अवरोध गरेकोमा भारतीय पक्षले नेपालको प्रस्ताव अथवा अनुरोधबारे विचार गर्ने सम्भावना रहेको छ । सन् २०२२ अप्रिलमा भारत र नेपालबीच भएको ऊर्जा क्षेत्र सहकार्य सम्बन्धी संयुक्त दृष्टिकोणपत्रको पूर्ण कार्यान्वयनको लागि प्रतिबद्धता जनाउँदै दुवै देशका परराष्ट्र सचिवले उपक्षेत्रीय सन्दर्भमा पारस्परिक लाभकारी सहकार्यका लागि हातमालो गर्ने विषयमा पनि सहमति भएको छ ।

विश्वमा व्याप्त कठिनाइको समयमा नेपालमा कृषि उत्पादनको सहज आपूर्ति सुनिश्चित गर्न विशेषगरी नेपालका लागि भनेर चिनी, गहुँ र धानको निर्यातमा भारतले गरेको विशेष व्यवस्थालाई नेपाली पक्षले सराहना गरेको छ। दुई परराष्ट्र सचिवबीच बहुपक्षीय र क्षेत्रीय सहकार्यका विषयमा पनि छलफल भयो । यस सन्दर्भमा भारतले यो वर्ष आफ्नो अध्यक्षतामा आयोजना हुने जी-२० फाइनान्स ट्र्याकमा सहभागिताका लागि नेपाललाई दिएको निमन्त्रणको नेपाली पक्षले प्रशंसा गरेको छ। नेपाली पक्षले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको शीघ्र अनुमोदनका लागि प्रतिबद्धता पनि गऱ्यो।

दुई देशबीच नियमित उच्चस्तरीय भेटवार्ताको परम्परा र भारतको छिमेकी पहिलो नीति अन्तर्गत नै भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकता अनुरूप यो भ्रमण भएको भारतीय विदेश मन्त्रालयको प्रतिक्रिया पनि रहेको छ । यस्तो भ्रमण र दुई पक्षीय वार्ताहरूबाट दुई देशबीचको विशिष्ट सम्बन्धलाई अझ सुदृढ गर्ने र दुई देशका जनताको हितका लागि बहुआयामिक विकास सहयोगलाई विस्तार गर्ने दिशामा मदत मिल्ने गर्दछ। भारतीय विदेश सचिवले नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीसित पनि भेटवार्ता गरे । भेटमा राष्ट्रपति भण्डारीले नेपाल-भारतबीच प्राचीनकालदेखि नै सामाजिक र सांस्कृतिक सम्बन्ध रहिआएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धका विविध विषयमा कुरा राखेकी थिइन् । जबकि भेटका क्रममा भारतीय विदेश सचिवले भारतका राष्ट्रपति द्रौपदी मुर्मूको तर्फबाट शुभकामना सन्देश पनि सुनाएका थिए।

प्रधानमन्त्री पुष्पकमल दहालसितको शिष्टाचार भेटवार्तामा ऊर्जा, व्यापार, कनेक्टिभिटी, कृषि, शिक्षा, संस्कृतिका क्षेत्रमा नेपाल-भारत सहकार्यको विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको हो । त्यसैगरी नेपालका परराष्ट्रमन्त्री विमलाराई पौडेलसित भएको शिष्टाचार भेटवार्ता दुई पक्षीय सहयोगका विविध विषयमा छलफल हुनुका साथै दुई पक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै विकास सहायता अभिवृद्धिलगायत विषयमा पनि छलफल भएको बुझिन्छ । नेपालमा विकास सहायता वृद्धि गर्ने लगानीको वातावरण बनाउने, कनेक्टिभिटी, दुई पक्षीय व्यापारमा देखिने समस्या हल गर्ने, विद्युत् व्यापारमा देखिने समस्या हल गर्ने, विद्युत् व्यापारलगायत विषयमा पनि छलफल भएको हो। मन्त्री पौडेलले जलवायु परिवर्तनको मुद्दामा अन्तर्राष्ट्रिय मञ्चमा दक्षिण एशियाका मुलुकहरूको एउटै आवाजका लागि संयन्त्र बनाउने विषयमा पनि आफ्नो धारणा राखे ।

सीमापार विद्युत् प्रसारण लाइनको स्तरोन्नति तथा भारतीय ऋणमा निर्माण हुने प्रस्तावित चार विद्युत् प्रसारण लाइनको शीघ्र स्वीकृतिका विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । रेलवे, प्रसारण लाइन, पुल, एकीकृत जाँच चौकीजस्ता परियोजना निर्माणको पुनरवलोकन गर्ने काम पनि भएको छ। नवीकृत पारवहन सन्धि चाँडै टुङ्ग्याउने, व्यापारसम्बन्धी अन्तर्सरकारी समितिको बैठक यथाशीघ्र राख्ने विषयमा पनि छलफल भएको र भारतीय सेनामा नेपालीको भर्तिका विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । नेपालका परराष्ट्र सचिव भरतराज पौडेलले नेपालतर्फ रासायनिक मल, खाद्यान्नको निर्यातलाई खुकुलो बनाइएकोमा र डायलासिस मेशिनहरू उपलब्ध गराइदिएकोमा भारतलाई धन्यवाद दिएका छन्। भारतसित विगतमा भएको दुई पक्षीय सम्झौता अन्तर्गतका विकास निर्माण कार्यहरूको प्रगतिलाई सन्तोषजनक मान्ने काम भएको छ ।

भारतका परराष्ट्र सचिवको यो नेपाल भ्रमण विगतमा भएको सम्झौता अन्तर्गतका विकास निर्माणका कामहरूको प्रगतिबारे समीक्षा गर्नुका साथै दुई पक्षीय हितका कतिपय महत्त्वपूर्ण विषयमा पनि छलफल केन्द्रित रहेको देखियो। नेपालमा भारतका लागि राजदूतको रूपमा सफल कार्यकाल बिताएका विनयमोहन क्वात्रा अहिले भारतका विदेश सचिव छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यकालमा त्यहाँको सरकारले छिमेकी पहिलोको नीतिलाई उच्च महत्त्व दिएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रधानमन्त्रीको रूपमा शपथ लिंदा पनि सार्कका सबै देशका राष्ट्रप्रमुख अथवा सरकार प्रमुखलाई निम्तो दिई बोलाएका थिए । उनको पहिलो र दोस्रो विदेश भ्रमण पनि भूटान र नेपालबाट नै भएको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पहिलो कार्यकालमा नै चारपटक नेपाल भ्रमणमा आएका थिए। यो उनको नेपालप्रतिको विशेष आत्मीयताको प्रमाण हो। नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि भारत भ्रमणको निम्तो प्राप्त भइ नै सकेको छ । सम्भवतः राष्ट्रपति निर्वाचनपश्चात् उनले आफ्नो पहिलो विदेश भ्रमणको थालनी भारतबाट नै गर्ने सम्भावना छ । भारतीय विदेश सचिवको यस भ्रमणले दुई पक्षीय सम्बन्धलाई बलियो बनाउने छ ।

# मधानी महोत्सवको उद्घाटन उपराष्ट्रपति पुनले गर्दै

तस्वीरः प्रतीक




प्रस, गरुडा, ४ फागुन/

रौतहटको मौलापुर नगरपालिकास्थित पुरातात्त्विक महादेव मन्दिरमा भोलि शुक्रवार उपराष्ट्रपति नन्दबहादुर पुनले मधानी महायज्ञको उद्घाटन गर्ने भएका छन् । मधानी महोत्सवको सम्पूर्ण तयारी पूरा भएको भन्दै नगरप्रमुख रीनाकुमारी साहले शुक्रवार बिहान ११ बजे उपराष्ट्रपति पुनले औपचारिक उद्घाटन गर्ने कार्यक्रम रहेको जानकारी गराइन् ।

विगत चार वर्षदेखि मौलापुर नगरपालिकाले मौलापुर-५ पतौरास्थित पुरातात्त्विक महादेव मन्दिरमा महाशिवरात्रिको अवसरमा मधानी महोत्सवको आयोजना गर्दै आएको छ। देशका १०० पर्यटकीय गन्तव्यमा सूचीकृत पतौरा पुरातात्त्विक महादेव मन्दिरलाई पर्यटकीय दृष्टिकोणले प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाले मधानी महायज्ञको आयोजना गर्दै आएको छ ।

महायज्ञको अवसरमा भगवान् शिवको विशेष पूजा, अनुष्ठान, मौलापुर भूमिपूजन, अष्टयाम महायज्ञका साथै सांस्कृतिक कार्यक्रम तथा अन्तर्राष्ट्रियस्तरको कुश्ती प्रतियोगिताको आयोजना हुने नगरप्रमुख साहको भनाइ छ ।

महोत्सवमा हरेक वर्ष नेपाल र भारतका विशिष्ट कलाकारलाई बोलाएर सांस्कृतिक कार्यक्रम हुने गरेको छ। यस वर्ष चलचित्रकर्मी भुवन केसीसहित राष्ट्रियस्तरका चर्चित कलाकारहरूका साथै भारतीय भोजपुरी नायक पवन सिंह, नायिका काजल राघवानी, भोजपुरी गायिका इन्दु सोनाली एवं अन्य कलाकारहरूको प्रस्तुति रहने नगरप्रमुख साहको दाबी छ ।

हरेक वर्ष मधानी महोत्सवमा लाखौं दर्शक आउने गरेका र यस वर्ष पनि तीन दिनमा पाँच लाखभन्दा बढी दर्शक मौलापुर आउने विश्वास नगरपालिकाले लिएको छ ।

# ट्याङ्करको ठक्करले वृद्धको मृत्यु

प्रस, निजगढ, ४ फागुन/

भारतीय ट्याङ्करको ठक्करले एकजना वृद्ध बोलबम तीर्थयात्रीको बिहीवार मृत्यु भएको छ। मृत्यु हुनेमा कलैया उपमहानगरपालिका-१२

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# आर्थिक विकासका लागि वीरगंज नगरप्रमुखलाई पत्र

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**आउनुहोस्, सबै मिलेर एउटा वीरगंज सङ्ग्रहालयको निर्माण गरौं । चन्दाजस्तै ठानेर भए पनि ऋणपत्र खरीद गरौं । एउटा कोष निर्माण गरौं । तर वीरगंज सङ्ग्रहालय निर्माण गरौं । र सङ्ग्रहालय निर्माणको नेतृत्व वीरगंज नगरप्रमुखले लिनुहोस् ।**

अहिलेसम्म एक हजारभन्दा बढी आर्थिक लेखहरू लेखिसकेको छु । यो प्रतीक दैनिकमा नै पनि पाँच सयभन्दा बढी आर्थिक लेखहरू लेखिसकेको छु । वीरगंजको मायाले गर्दा प्रतीक प्रकाशनको स्थापनाकालदेखि निरन्तर यस प्रकाशनका लागि लेखिरहेको छु । प्रतीक दैनिकमा सर्वाधिक लेख लेख्ने व्यक्ति म नै हुँ जस्तो लाग्छ । यसको पुष्टि प्रतीक दैनिकले नै कुनै दिन गर्ला ।

आदरणीय पाठकहरूलाई सुसूचित गर्न राष्ट्रिय एवं अन्तराष्ट्रिय आर्थिक मुद्दाहरूसँग सम्बन्धित अनेक आर्थिक लेखहरू लेखिसकेको छु । तर योपटक भने वीरगंज र यस वरपरका क्षेत्रसँग सम्बन्धित विषयमा लेख्न मन लागेको छ। वीरगंज र यस वरपरका क्षेत्रको आर्थिक विकासको लागि केही लेख्न मन लागेको छ । यस लेखमार्फत मैले लेख्न खोजेको वा भन्न खोजेको कुरा, आशा छ वीरगंज नगरप्रमुखज्यू समक्ष पुग्नेछ।

वीरगंज एउटा ऐतिहासिक शहर हो। नेपालमा पहिलो रेलसेवा वीरगंजमैं स्थापना भएको थियो । सन् १९२७ मा वीरगंजमा स्थापना भएको 'नेपाल गभर्मेन्ट रेलवे' ले भारतीय सीमा शहर रक्सौल र अमलेखगंजलाई जोड्ने कार्य गर्थ्यो। ४७ किलोमिटर लामो त्यो रेल सेवाको प्रमुख उद्देश्य नेपालमा भएका काठहरू भारतका विभिन्न शहरमा पुर्‍याउनुथियो । महँगा काठहरू बिक्री गरेर राम्रो नाफा कमाउनु थियो। यस्तो उद्देश्य त्यस बेलाको भारतमा शासन गर्ने अङ्ग्रेजहरूले राखेका थिए । नेपालको चारेकोसे झाडीबाट रूखहरू कटान गरेर, भारतलगायत विदेशमा पनि ती काठ बिक्री गरेर अङ्ग्रेजहरूले राम्रो आम्दानी हात पारेका थिए। पछि यो रेलसेवाको उपयोग मानिस ओसारपसार गर्नका लागि पनि हुन थाल्यो ।

सन् १९६५ मा नेपाल गभर्मेन्ट रेलवे सेवा बन्द भयो। सञ्चालन अवधि भर भने रक्सौल–अमलेखगंजबीच हुने ओहरदोहरलाई यो रेलसेवाले निकै सहयोग पुर्‍यायो। नेपालभरिबाट कसैलाई भारतको कुनै शहर जानुपर्‍यो भने त्यस्तो व्यक्ति अनिवार्यरूमा वीरगंज आउनुपर्थ्यो । वीरगंजमा रहेको रेलसेवाले उसलाई रक्सौल पुर्‍याइदिन्थ्यो । रेल चढेर रक्सौलबाट भारतको अनेक शहरमा पुग्न सकिने सुविधा त्यो समयमा पनि थियो। त्यस बेला भारतबाट नेपाल पस्ने सुगम नाका वीरगंज नै थियो किनभने वीरगंजमा रेलसेवा थियो । भारतबाट नेपालका विभिन्न स्थानमा जान र खासगरी नेपालका विभिन्न स्थानबाट काठमाडौं जान अनिवार्यरूपमा वीरगंज आउनुपर्थ्यो। भारत र नेपालका विभिन्न स्थानबाट काठमाडौं जानेहरूले पहिले रेल चढेर अमलेखगंज जानुपर्थ्यो। त्यसपछि अमलेखगंजबाट ट्रकमा चढेर भीमफेदी पुग्नुपर्थ्यो। भीमफेदीबाट भने हिंडेर काठमाडौं जाने गरिन्थ्यो। यसरी काठमाडौं जानका लागि वीरगंज, अमलेखगंज अनि भीमफेदी महत्त्वपूर्ण यात्रा–बिन्दुहरू थिए, त्यस बेलाका लागि।

भनिन्छ दोस्रो विश्ययुद्धमा बेलायतको तर्फबाट लड्न नेपालका राणा शासकहरूले गोर्खा जवानहरूलाई वीरगंज हुँदै रक्सौलमा रेल चढाएर युरोपका अनेक देशहरूमा अर्थात् अनेक युद्ध स्थलहरूमा पुर्‍याएका थिए। त्यस बेला युद्ध लडेर नेपाल फर्केका र पुनः लड्न जानुपर्ने गोरखा जवानहरूले एउटा यस्तो गीत बनाएका थिए–'जानुपर्‍यो, जानुपर्‍यो, जानुपर्‍यो जर्मनको धावामा, जर्मनको धावामा।' गीतको आशय थियो जागीरले गर्दा र बाध्यतामा परेर जर्मनहरूसँग युद्ध गर्न जानुपर्‍यो । परिस्थितिले गर्दा मर्न जानुपर्‍यो। दोस्रो विश्वयुद्धमा जर्मन र बेलायतगरी दुई विपक्षी समूह थिए। यी दुई समूहबीच छ वर्षसम्म (सन् १९३९–१९४५) युद्ध भएको थियो।

वीरगंज आएर, रेलको डब्बाभित्र पसेर, गोरखा जवानहरू भारतका अनेक रेल चढेर, अनेक पानीजहाजमा सवार भएर सात समुद्र पारीका अनेक देशमा पुग्दा आफू कुन स्थानमा, कुन देशमा पुगेको हो भन्ने उनीहरूलाई थाहा हुन्थेन। थाहा केवल के मात्र हुन्थ्यो भने जर्मनविरुद्ध युद्ध गर्नुछ, उनीहरूलाई मार्नु छ। उनीहरूलाई पराजित गर्नुछ।

यसरी वीरगंजले नेपालमा पहिलो रेलसेवा स्थापनाको इतिहास मात्र बाकेको छैन, दोस्रो विश्वयुद्धमा नेपाली गोर्खाली सेना वीरगंज हुँदै विश्वको अनेक देशमा पुगेर युद्ध लडेको इतिहास पनि बोकेको छ। वीरगंज आफैंमा एउटा महत्त्वपूर्ण इतिहास बनेको छ । यो इतिहास वीरगंजको लागि ठूलो सम्पत्ति हो।

नगरप्रमुखज्यू, अब विषय प्रवेश गर्न चाहन्छु । वीरगंज र वीरगंजवासीको आर्थिक विकासको कुरा गर्न चाहन्छु। वीरगंज नगरपालिकको सक्रियतामा यदि 'वीरगंज सङ्ग्रहालय' को निर्माण हुने हो भने वीरगंजको महत्त्व दर्शाउन सकिन्थ्यो। साथै यस क्षेत्रमा रोजगार सृजना गर्न सकिन्थ्यो । सङ्ग्रहालयको निर्माणले गर्दा नेपाल र भारतबाट अनेक पर्यटकहरू वीरगंज आउँथे। वीरगंजमा पर्यटनको राम्रो विकास हुन्थ्यो । वीरगंजमा अनेक होटल, रेस्टुरा आदिको निर्माण हुन्थ्यो। अनेक व्यक्तिले रोजगार पाउन सक्थे । वीरगंज र यस वरपर रहेका क्षेत्रहरूको आम्दानी र क्रयशक्तिमा वृद्धि हुने थियो।

'नेपाल गभर्मेन्ट रेलवे' (पछि यातायात संस्थान) को जग्गा, पुराना भवन, रेल–अवशेष आदि उपयोग गरेर एउटा सुन्दर वीरगंज सङ्ग्रहालयको निर्माण गर्न सकिन्छ । त्यस बेलाका तस्वीर, प्रयोग गरिएका वस्तु आदि आदि पनि त्यस सङ्ग्रहालयमा राख्न सकिन्छ। रेलका पुराना इन्जन र डब्बा (भारतबाट खरीद गरेर) राख्न सकिन्छ । दोस्रो विश्वयुद्धमा लड्न गएका (नाम उल्लेख नभएको) गोरखा सेनाहरूको समाधि निर्माण गर्न सकिन्छ । त्यस बेलाका यात्रीहरूको (साङ्केतिक रूपमा) मूर्ति निर्माण गर्न सकिन्छ। सङ्क्षेपमा वीरगंज सङ्ग्रहालयको निर्माण गरेर वीरगंजलाई एउटा महत्त्वपूर्ण पर्यटकीय स्थलको पहिचान दिन सकिन्छ । वीरगंज सङ्ग्रहालयलाई आम्दानीको दीर्घकालीन र राम्रो स्रोत बनाउन सकिन्छ।

हामीसँग स्रोत छ, साधन छ, सीप छ, पूँजी छ। तर हामीले यी निधिहरूको प्रयोग गर्न सकेका छैनौं। हामी साधन र स्रोतको अभावमा गरीब भएका होइनौं। ज्ञानको अभावमा गरीब भएका हौं । साझा सहमतिको अभावमा गरीब भएका हौं। विकास गर्ने इच्छा शक्तिको अभावमा गरीब भएका हौं। तर अब जागौं।

वीरगंज र यस वरपर क्षेत्रका व्यक्ति, जसको उमेर अहिले साठी वर्षभन्दा माथि छ, उनीहरूले वीरगंजदेखि रक्सौल र वीरगंजदेखि अमलेखगंजको यात्रा गरेको हुनुपर्छ । उनीहरूको दिमागमा अहिले पनि वीरगंजबाट सञ्चालित रेलसेवाको तस्वीर ताजा हुनुपर्छ। यो लेखक स्वयं वीरगंजबाट रेल चढेर परवानीपुरसम्म पुगेको छ।

नगरप्रमुखज्यू, अब आर्थिक कुरा गरौं। वीरगंज सङ्ग्रहालय निर्माण गर्न आवश्यक पर्ने कोष कहाँबाट ल्याउने त्यसबारे चर्चा गरौं। बाटो खोजौं। बाटो सजिलो छ।

वीरगंज सङ्ग्रहालय निर्माण गर्न आवश्यक पर्ने कोष सृजना गर्नका लागि नगरपालिकाले ऋणपत्र (द्ययलमक) जारी गरेर, जनतामाझ पुगेर, सो ऋणपत्र खरीद गर्न जनतालाई आग्रह गर्न सक्छ। नगरपालिका नै जमानी बसेको हुनाले सो ऋणपत्रमा लगानी गरिएको रकम नडुब्ने विश्वास व्यक्तिहरूमा भएर ऋणपत्र सजिलै बिक्री हुने वातावरण सृजना हुनेछ।

ऋणपत्र खरीदकर्तालाई न्यूनतम ब्याज दिने व्यवस्था पनि हुनुपर्छ। न्यूनतम ब्याजसमेत पाइने आसले वीरगंजवासी ऋणपत्र खरीद गर्न प्रेरित हुनेछन्।

नगरपालिकाले ऋणपत्र जारी गर्ने व्यवस्था छैन भने तपाईंले पहल गर्नुहोस् र स्थानीय विकासका लागि नगरपालिकाको ऋणपत्र जारी गर्न सक्ने कानून बनाउनुहोस् । कोषका लागि नगरपालिकाले ऋणपत्र जारी गर्न पाउने व्यवस्था विश्वका अनेक मुलुकमा छ।

यसरी वीरगंज महानगरपालिकाले वीरगंज सङ्ग्रहालय निर्माण गर्न आवश्यक कोषको व्यवस्था गर्न सक्छ। त्यसकारण कोष निर्माण समस्या हुँदैन र कोषको लागि केन्द्र (सङ्घीय सरकारको मुख ताक्नुपर्दैन।

अर्को विकल्पको रूपमा वीरगंज महानगरपालिकाले वीरगंज सङ्ग्रहालय निर्माण गर्न निजी क्षेत्रलाई पनि आह्वान गर्न सक्छ। त्यस बेलाको रेलसेवासँग सम्बन्धित जमीन जुन अहिले महानगरपालिकाको स्वामित्वमा छ, त्यसलाई उपयोग गर्न पालिकाले निजी क्षेत्रलाई लिजमा पनि दिन सक्छ। निजी क्षेत्रको लगानीमा पनि वीरगंज सङ्ग्रहालयको निर्माण हुन सक्छ। तर यसका लागि वीरगंज महानगरपालिकाले उदार आर्थिक नीति निर्माण गरेर निजी क्षेत्रलाई आकर्षित गर्नुपर्छ।

वीरगंजमा जन्मेहुर्केकाहरूलाई वीरगंजको अति माया लाग्छ। लाग्नु पनिपर्छ किनभने उनीहरूको विगत, बाल्यकाल, युवाकाल, प्रौढकाल वीरगंजसँग जोडिएको हुन्छ । वीरगंज ऐना हुन पुग्छ उनीहरूको विगत दर्शाउनका लागि।

आउनुहोस्, सबै मिलेर एउटा वीरगंज सङ्ग्रहालयको निर्माण गरौं । चन्दाजस्तै ठानेर भए पनि ऋणपत्र खरीद गरौं । एउटा कोष निर्माण गरौं । तर वीरगंज सङ्ग्रहालय निर्माण गरौं । र सङ्ग्रहालय निर्माणको नेतृत्व वीरगंज नगरप्रमुखले लिनुहोस्।

आफ्नो कार्यकाललाई ऐतिहासिक एवं उपलब्धिमूलक बनाउन वीरगंज नगरप्रमुखले वीरगंज सङ्ग्रहालयको निर्माण गर्नुहोला भन्ने आशा एवं विश्वासका साथ यो पत्र लेखेको छु।

# गुन्द्रुक ब्रान्डिङ गरिंदै

–टीका खतिवडा

मङ्गलवारे, ४ फागुन/रासस

गुन्द्रुक सुन्दा हेपेर बोलिए जस्तो हुन्छ। तर त्यही गुन्द्रुकको निकै उत्कृष्ट स्वाद हुन्छ। नेपालीको भान्सामा अमिलो अत्यधिक मन पराइने गरिन्छ । झोल बनाएर र अचारमा निकै स्वादिष्ठ मानिन्छ, गुन्द्रुकलाई।

नेपाल कृषिप्रधान मुलुक हो। नेपालीले तरकारीखेती गर्ने गरेका छन् । सोही तरकारीको सागबाट गुन्द्रुक बनाइन्छ। हामीले मूलाको मात्र गुन्द्रुक खाएका हुन सक्छौं । तर मुलाको सागसँगै रायोको साग, फूलकोभी, बन्दाकोभी, तोरीको सागबाट समेत स्वादिष्ठ गुन्द्रुक तयार गरिन्छ । सबैभन्दा बढी त मूलाको सागबाट गुन्द्रुक बनाइन्छ। साथै मूलाबाट सिन्की बनाइन्छ । प्रायः किसानको करेसामा साग र मूला रोप्ने गरिन्छ। सोही सागबाट गुन्द्रुक बनाइन्छ। उत्पादित बजारसम्म पुर्‍याउन सके उपभोक्ताले खरीद गरेर तरकारी खान्छन्।

इलामका ग्रामीण भेगमा उत्पादन भएको सागले बजार नपाउँदा गाईवस्तुलाई खुवाउने गरिन्छ । सोही सागलाई गुन्द्रुक बनाएर पनि सदुपयोग गर्न सकिन्छ। जनताको पहिलो सरकार भनेकै स्थानीय तह हो । सोही स्थानीय तहले किसानका क्षेत्रमा काम गर्न नसक्दा उत्पादित तरकारीसमेत खेर गइरहेका छन्। तर इलामको रोङ गाउँपालिकाले भने गुन्द्रुक 'ब्रान्डिङ' शुरू गरेको छ। किसानले उत्पादन गरेर खेर गइरहेको सागबाट गुन्द्रुक बनाइन्छ । सोही गुन्द्रुकलाई गाउँपालिकाले ब्रान्डिङ गर्न शुरू गरेको हो । उत्पादन र बजारीकरणमा सरकारले चासो नदिंदा किसानले उत्पादन गरेको कृषिउपज खेर गइरहेको छ। तर अब गुन्द्रुकले भाउ पाउने धेरै किसानको अपेक्षा रहेको छ।

इलामको रोङ गाउँपालिकाले किसानको जीवनस्तर उकास्ने गरी काम अगाडि बढाएको छ । स्थानीय उत्पादनलाई बढवा दिइने र उत्पादित वस्तु बजारसम्म पुर्‍याउनका लागि काम थालिएको गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बोले बताए।

गाउँपालिकाले गुन्द्रुक–सिन्कीको प्रवर्द्धन शुरू गरेको छ। पालिकाका अगुवा किसानले प्रदेश, पालिका र स्थानीय सहकारीको साझेदारीमा कार्यक्रम सञ्चालन गरेका हुन्। बजारमा खपत हुने तरकारी यहीं बिक्री हुन्छ। खपत नभएको साग र मुलालाई व्यवस्थापन गर्दै गुन्द्रुक–सिन्की बनाइने गाउँपालिकाको लक्ष्य रहेको छ।

उत्पादित सिन्की–गुन्द्रुकलाई प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि बढाइएको जनाइएको छ। प्रत्येक किसानले उत्पादन गरेको गुन्द्रुक र सिन्कीलाई आवश्यक लेबलिङ गर्ने गरी कार्यक्रम शुरू गरिएको गाउँपालिकाका अध्यक्ष स्याङ्बोको भनाइ छ।

उत्पादित साग बजारमा बिक्री हुने र बाँकी रहेको पालिकाले किसानलाई प्रतिकिलो रु ८० अनुदान सहयोग गर्ने गाउँपालिकाको योजना रहेको छ । गाउँपालिकाले सुरुआती तीन महीना गुन्द्रुक–सिन्की लेबलिङका लागि फूड टेक्निसियनसमेत नियुक्त गरी हाल ब्रान्डिङको प्रक्रिया अन्तिम चरणमा पुर्‍याएको छ। देवान छाप साना किसान कृषि सहकारीले कार्यक्रम सञ्चालन गर्ने बताएको छ। यसका लागि गाउँपालिकाले दातृ संस्थाको साथ पाएको छ।

रु ६७ लाख ८५ हजारको कार्यक्रमका लागि स्वीस सरकारले ३४ लाख ४५ हजार उपलब्ध गराउनेछ । पालिकाले रु १७ लाख ६० हजार र सहकारीले १५ लाख ८० हजार लगानी गर्ने बताइएको छ । देवान छाप साना किसान कृषि सहकारीको साना किसान कृषि प्रशोधन उद्योगमार्फत उत्पादन, ब्रान्डिङ, प्याकेजिङ एवं मार्केटिङका सबै कार्य गर्ने गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए।

उनका अनुसार यस वर्ष कम्तीमा तीन सयदेखि एक हजार किलो उत्पादनका लागि किसानलाई प्रोत्साहन गरिनेछ । पहिलो चरणमा ६० जना किसानलाई सहभागी गराइएको छ भने आगामी वर्ष अझ यसलाई बढाएर कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश नं १ को कृषि मन्त्रालय, गाउँपालिका र स्थानीय सहकारीको आर्थिक सहयोग र स्वीस सरकारको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो।

पहिलो चरणको उत्पादन अन्तर्गत ड्रायरका लागि स्थानीय व्यवसायी कुमार अर्यालको उद्योगलाई प्रयोग गरिने भएको छ । चालू आर्थिक वर्षमा सहकारीको जग्गामा उद्योग स्थापना गर्ने तयारी अघि बढेको अध्यक्ष स्याङ्बोको भनाइ छ।

अहिलेसम्म ब्रान्डको नाम तय नभए पनि 'गुन्द्रुक सिन्कीको प्याकेट डिजाइन र ब्रान्ड नाम आदरणीय गुन्द्रुक र आदरणीय सिन्की राखेर सम्मानसहित बजारमा ल्याइने भएको छ । राष्ट्रिय सम्मान बोकेको वस्तुलाई प्रवर्द्धनका लागि अगाडि आदरणीय थप्ने भन्दै नेपालमा अहिलेसम्म राष्ट्रिय तरकारीको अनुसन्धान नहुनु दुःखद रहेको किसानको समेत भनाइ छ। यसको अनुसन्धान रोङ गाउँपालिकाबाटै शुरू हुने अध्यक्ष स्याङ्बोको भनाइ छ। पालिकाले हरेक वर्ष एक/दुईवटा उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको बताउँदै आयात प्रतिस्थापन गर्दै स्वदेशी उत्पादनलाई बढवा दिइने बताइएको छ । तरकारीमा आत्मनिर्भर बनाएर निर्यात गर्ने योजनाका साथ काम बढाइएको बताइएको छ।

चालू वर्षको नीति कार्यक्रममा गाउँपालिकाले गुन्द्रुक प्रवर्द्धनका लागि ब्रान्डिङ र प्याकेजिङ गर्न तीन लाख, बीउका लागि दुई लाख, प्रतिकिलो अनुदानका लागि रु तीन लाख र गुन्द्रुक उत्पादनमा प्रतिस्पर्धा गरी उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्न दुई लाख विनियोजन गरेको छ। उत्पादनपश्चात् सहकारीमार्फत सहज सञ्चालन गराउन एउटा कार्यविधि तयार हुँदै गरेको छ। विश्लेषणसहित गुन्द्रुकको 'रणनीतिक व्यापार कार्य योजना' तयार हुँदै गरेको बताइएको छ।

उत्पादन अगाडिको अनुदानलाई निरुत्साहित गर्दै जनता र स्थानीय सरकारबीच साझेदारीपछि कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। किसानको उत्पादन सहकारीले खरीद गर्ने वातावरणको विकास गर्नुका साथै अनिवार्य कृषि, पशु बीमा लागू गर्ने अध्यक्ष स्याङ्बोको भनाइ छ।

**कसरी निर्माण गरिन्छ गुन्द्रुक ?**

सागलाई अमिल्याएर बनाइएको वस्तुलाई नै गुन्द्रुक भनिन्छ । गुन्द्रुक राष्ट्रिय तरकारीसमेत हो । राष्ट्रिय तरकारी भएर पनि सम्मान पाउन नसकेको गुन्द्रुकलाई नेपालभित्र मात्र नभएर विश्व बजारमा पुर्‍याउन कार्यक्रम थालिएको हो। गाउँघरमा प्रायः किसानले गुन्द्रुक बनाएको भएपनि पनि शहर बजारमा गुन्द्रुक कसरी बनाइन्छ भन्ने कमैलाई मात्र जानकारी हुने गरेको छ।

हरेक किसानले साग रोप्ने गर्छन्। त्यही सागलाई गुन्द्रुक बनाए वर्षौंसम्म प्रयोग गर्न सकिन्छ । गुन्द्रुक रायोको साग, तोरीको साग, मूलाको साग आदिबाट बनाइन्छ र यसलाई तरकारीको रूपमा प्रयोग गर्ने गरिन्छ।

छिप्पिएको रायो, तोरी, मूलाका पात टिपेर घाममा केही दिन ओइलाइन्छ।

(बाँकी चौथो पातामा)

# लोप हुँदै जङ्गली "औध"

मान्म, ४ फागुन/रासस

कालीकोटमा पाइने जङ्गली औध जातका जनावर लोप भएका छन्। पानी र बाक्लो जङ्गल भएको क्षेत्रमा पाइने जङ्गली औध अहिले लोप भएका हुन्।

जलवायु परिवर्तनका कारणले हुने बाढीपहिरो, उचित बासस्थान, खानपिनको अभाव, विकास निर्माणका काममा आउने ध्वनि प्रदूषणका कारणले जङ्गली औध लोप हुँदै गएका छन्। पानीमा पाइने औध विशेषतः माछा खाने एक प्रकारको स्तनधारी मांसहारी जनावर हो । जङ्गल क्षेत्रमा पाइने औध उही जातको स्तनधारी जनावर शाकाहारी जनावर हो।

नेपालमा हिमाली एक हजार छ सय फिट उचाइमा औध पाइने गरेको रारा राष्ट्रिय निकुञ्जका प्रमुख विश्वबन्धु श्रेष्ठले जानकारी दिए। "यो औध एक हजार छ सय फिटको उचाइसम्म पाइन्छ। यो तराईदेखि पहाडी जिल्लामा पाइने स्तनधारी जङ्गली जनावर हो।"

उनले भने, "यी जङ्गली जनावर मांसहारी र शाकाहारी गरी दुई प्रकारका हुने गरेका छन्। एउटा पानीमा बस्ने र अर्को जङ्गलमा बस्ने।" गत वर्ष एउटा अनुसन्धान टोलीले रारा राष्ट्रिय निकुञ्ज क्षेत्रको खत्याड गाउँपालिकामा पानीमा बस्ने औध पत्ता लगाएको र त्यसभन्दा यता नदेखिएको निकुञ्जका प्रमुख श्रेष्ठले जानकारी दिए।

उनका अनुसार गत वर्ष एउटा सानो स्तनधारी जङ्गली जनावरको अनुसन्धान गर्ने टोलीले खत्याडमा पानी औध पत्ता लगाएको थियो । अहिले त्यसको थप अनुसन्धान हुन सकेको छैन । पानी आसपासका क्षेत्रमा बस्ने औधको मुख्य आहारा माछा भएको निकुञ्ज प्रमुख श्रेष्ठले बताए। "यसलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ अनुरूप संरक्षित सूचीमा राखिएको छ," उनले भने, "अहिले नेपालमा औध कति छन् भनेर कुनै तथ्याङ्क राखिएको छैन।"

जङ्गलमा पाइने औधले विशेषगरी स्याउ, सुन्तला, आरू बोखरा, चुत्रो भुइँकाफल, मेहललगायत फलफूल खाने गरेको पहिले पशु सेवा क्षेत्रमा अहिले रेडपान्डा संरक्षण क्षेत्रमा काम गरिरहेका हुरन्डेक नेपालका उपाध्यक्ष वीरेन्द्रबहादुर बुढाले जानकारी दिए । "मैले देखेको थिएँ । जङ्गली औध कालो रङ्ग हुन्छ, यसले फलफूल खाने गर्दछ । यसका बच्चाले दूध खान्छन्," उनले भने, "अहिले यो देखिन छाडेको छ । यिनीहरूको बासस्थान नाश भएर हो या लोप भएर हो।" बूढाले आफूले जङ्गलमा रहेको औधको विषयमा एउटा घटना पनि सुनाए।

"कालीकोटको नरहरिनाथ गाउँपालिका–१ को कोटबाडामा एकजना भण्डारी थरका व्यक्तिले स्याउ लगाउनुभएको थियो। २०५७ असोजको घटना हो । त्यहाँ स्याउ औधले खाँदो रहेछ। दुई रूख स्याउका थिए। स्याउका दाना औधले खान थालेपछि ती किसानले

(बाँकी चौथो पातामा)

# आर्थिक रूपान्तरणका लागि लघुवित्त

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**हाम्रोजस्तो अधिकांश ग्रामीण बस्ती भएको मुलुकमा वित्तीय समावेशीकरण, गरीबी निवारण तथा रोजगार सिर्जनाका लागि लघुवित्त क्षेत्रमा देखिएका यस्ता समस्या र चुनौती न्यूनीकरण गर्दै यसलाई एउटा उपयोगी वित्तीय औजारका रूपमा लिन सक्नुपर्दछ ।**

लघुवित्त भन्नाले लघु बचत, लघु कर्जा, लघु कर्जा बीमा/लघु कर्जा सुरक्षण तथा विप्रेषणजस्ता माध्यमबाट गरीब तथा विपन्न वर्गलाई स्वरोजगारको अवसर दिलाई उनीहरूको उद्यमशीलताको विकास गरी आय आर्जन क्रियाकलापमा संलग्न गराउन सहयोग पुऱ्याउने वित्तीय सेवालाई जनाउँछ । यसले विनाधितो लघुकर्जा उपलब्ध गराएर उत्पादनशील क्षेत्रमा लगानी गर्न वा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्छ । परिणामस्वरूप रोजगारका अवसर सिर्जना गरेर विपन्न तथा सीमान्तकृत वर्गका मानिसको आम्दानीमा समेत परिवर्तन ल्याउँछ । न्यून आय भएका मानिसको जीवनस्तर, पूँजीगत खर्च, महिला सशक्तीकरण, सूचनाको पहुँच, स्वास्थ्य, शिक्षा तथा पेशागतस्तरमा वृद्धिजस्ता क्रियाकलापमा लघुवित्त उपयोगी भएको कुरा विभिन्न अध्ययन–अनुसन्धानले समेत पुष्टि गरिसकेको छ । त्यसैले वित्तीय सेवासम्म पहुँच नभएका मानिसका लागि लघुवित्त सेवा ग्रामीण क्षेत्रसम्म विस्तार गर्दै वित्तीय साक्षरता अभियानमा जोड दिनुपर्छ । अनि मात्र वित्तीय सेवाको सही सदुपयोग भई यसले सामाजिक–आर्थिक रूपान्तरण कार्यमा सहयोग पुऱ्याउँछ ।

मुलुकको बृहत्तर समुन्नतिको उद्देश्य राखी विशेषगरी ग्रामीण क्षेत्रका विपन्न र सीमान्तीकृत वर्गको वित्तीय पहुँच विस्तार र आय आर्जन वृद्धि गर्न स्थापना भएका यस्ता लघुवित्त वित्तीय संस्थाकै कारण लक्षित समूहकै उठीबास लाग्ने अवस्था आउनु निस्सन्देह चिन्ताको विषय हो । मुलुकभर लघुवित्त पीडितको सङ्ख्या बढ्दै जाँदा आत्महत्या गर्नेहरू पनि थपिँदै गएका छन् । सुदखोर मिटरब्याजीकै अर्को अवतारका रूपमा लघुवित्तहरू प्रकट भएको आरोप पीडितहरूको छ । यसका लागि मुलुकका ५५ जिल्लामा सङ्घर्ष समिति बनाइसकेका उनीहरूले यस्ता संस्था खारेजै गर्नुपर्नेसम्मको माग गर्न थालेका छन् । यसबाट लघुवित्तको कार्यशैली तथा अभ्यासमा गम्भीर प्रश्न उठेको र यसबारे यथोचित समीक्षा हुनुपर्छ । लघुवित्तको अवधारणा आफैंमा नराम्रो होइन । यस्ता संस्थाहरूले साना कर्जा लगानीका माध्यमबाट गरीबी निवारणमा सघाएका र कृषि, ग्रामीण तथा मूल्य शृङ्खलामा आधारित वित्तीय सेवा प्रदान गरेका विश्वमा थुप्रै उदाहरण छन् । नेपालमा पनि लघुवित्तको घोषित दायित्व न्यून आय भएका व्यक्तिलाई सदस्य बनाई तिनीहरूबाट नियमित बचत सङ्कलन गरेर सामूहिक जमानीमा कृषि तथा लघु उद्यम व्यवसाय सञ्चालन गर्न विनाधितो लघु कर्जा प्रवाह गर्नु हो ।

नेपालमा हालसम्म ग्रामीण बैंकिङ पद्धति, विपन्न वर्ग कर्जा, साना किसान सहकारी संस्था, बचत तथा ऋण सहकारी संस्था, वित्तीय मध्यस्थकर्ता गैरसरकारी संस्था, परियोजनामा आधारित कार्यक्रम, ग्रामीण स्वावलम्बन कोष, थोक कर्जा प्रदायक संस्थाजस्ता लघुवित्त संस्थाहरूले लघुवित्त सेवा प्रदान गर्दै आएका छन् । लघुवित्त सामाजिक सेवामा आधारित व्यवसाय भएकोले यस्ता संस्थाले विपन्न तथा निम्न वर्गको हितलाई ध्यानमा राखी सेवाहरू प्रदान गर्नुपर्छ । यो नै लघुवित्त संस्थाहरूको मुख्य दायित्व र उद्देश्य पनि हो । तर नेपालमा आफ्नो लगानी सुरक्षाका लागि विपन्न वर्गभन्दा पनि मध्यम तथा माथिल्लो वर्गका मानिसलाई लक्षित गरेर लघुवित्त सेवा प्रवाह भएको पाइन्छ । विपन्न तथा सीमान्तकृत वर्गको पहिचान गर्नका लागि लघुवित्त संस्थाले खासै ध्यान दिएको पाइँदैन । वित्तीय अनुशासनको सीमाभित्र बसी उद्देश्य अनुरूप काम गर्नुको सट्टा जसरी पनि अधिक नाफा कमाउन खोज्दा लघुवित्तहरू विपन्नका सहयोगी नभएर 'नवसामन्त' मा परिणत भएका हुन् ।

त्यसैले हाम्रो परिप्रेक्ष्यमा लघुवित्त सेवा सीमान्तकृत वर्गसम्म पुग्न नसकेको र शहरी तथा अर्धशहरी क्षेत्रमा सीमित रहेको यथार्थता नकार्न सकिंदैन । परिणामस्वरूप लघुवित्त संस्थाबीच अस्वस्थ प्रतिस्पर्धा बढ्न गई यसले लघुवित्त क्षेत्रमा थुप्रै समस्या एवं चुनौती निम्त्याएको छ । कर्जामा दोहोरोपना, निष्क्रिय कर्जाको मात्रा बढ्नु, कर्जामा उच्च ब्याजदर, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, ग्रामीण क्षेत्रमा उद्यमशीलताको विकास हुन नसक्नु, लघुवित्तको दायरा फराकिलो बन्न नसक्नुजस्ता समस्या छन् । त्यसैले यस्ता समस्या तथा चुनौतीलाई सही समयमा निराकरण गरी लघुवित्तको मूल मर्म एवं लक्ष्यबमोजिम वित्तीय समावेशीकरण र गरीबी निवारण कार्यमा केन्द्रित गर्नका लागि राज्य एवं नियमनकारी निकायबाट आवश्यक कदम चाल्न जरूरी देखिएको छ । पछिल्लो समय लघुवित्तबाट विभिन्न किसिमबाट ऋणीहरू ठगिने गरेका छन् । पहिलो त, ऋण पाउँदा नै उनीहरूलाई सबै रकम दिइन्न । सेवाशुल्क र पहिलो महीनाको किस्ता अग्रिम कटाइन्छ । यसो गर्दा ऋणीहरू सबै रकम उपयोग गर्नबाट वञ्चित हुन्छन् भने संस्थालाई स्वतः बचत प्राप्त हुन्छ । तरपनि किस्ता कुल ऋणबाटै तिराइन्छ । अर्कोतर्फ भाका अनुसार किस्ता बुझाउन नसक्दा उक्त रकम तत्काल सावाँमा जोडिन्छ । त्यसरी जोडिएको सावाँ र किस्ताको अलग्गै जरिवाना तिर्नुपर्छ । शुरूमा आवश्यक साक्षरता दिनुभन्दा पनि ऋण लिन बढी हौंस्याउने गरिन्छ ।

नेपाल राष्ट्र बैंकले १५ प्रतिशत ब्याजदरको सीमा तोकिदिए पनि प्रायः लघुवित्तले घुमाउरो बाटोबाट अधिक रकम असुल्छन् । सेवा शुल्कका अतिरिक्त पनि थोरै अवधि (मासिक/त्रैमासिक) का लागि कर्जा प्रवाह गर्ने, पुरानो कर्जाको अवधि सकिनुअगावै आफैं थप रकम दिएर चुक्ता गर्न लगाउने र पुनः नयाँ कर्जा प्रवाह भएको देखाउने अधिकांश लघुवित्तको प्रवृत्ति छ । यसबाट लघुवित्तको खराब कर्जा कम देखिए पनि सेवाग्राहीलाई ऋणको भारले थप थिच्न थाल्छ । यसमा बहुबैंकिङ समस्या उस्तै छ । नियमतः यस्ता संस्थाबाट एकजनाले विनाधितो ७ लाख रुपियाँ र धितोमा १५ लाख रुपियाँभन्दा बढी ऋण लिन पाइँदैन । तर अधिकांश ठाउँका लघुवित्त संस्थाले एउटै व्यक्तिलाई ऋण दिएका थुप्रै उदाहरण छन् । नेपाल राष्ट्र बैंकको एक अध्ययनले लघुवित्तका ऋणी घरपरिवारमध्ये ७० प्रतिशतले एकभन्दा बढी संस्थाबाट ऋण लिएको देखाएको छ । यस्ता संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशनविपरीत आवास निर्माण, घरजग्गा, टेलिभिजन, मोबाइल खरीदजस्ता अनुत्पादक क्षेत्रमा पनि कर्जा प्रवाह गरेको देखिएको छ । ऋण उठाउने क्रममा लघुवित्त संस्थाहरू निर्ममरूपमा प्रस्तुत हुने गरेका छन् । ऋण–ब्याज असुल गर्न घरमा भएका वस्तुभाउदेखि जग्गासमेत आफैं बिक्री गराएका उदाहरण पनि उत्तिकै छन् ।

हुनत यस्ता समस्या ऋणीमा पनि देखिएको छ । कतिपयले आफ्नो क्षमता नहेरी पाएजति रकम लिने र त्यसको उचित व्यवस्थापन गर्न नसक्दा आफ्नै बिल्लिबाठ गरेको पनि देखिएको छ । वास्तवमा नेपाल राष्ट्र बैंकले प्रभावकारी अनुगमन नगर्दा यस्तो बेथिति मौलाएको हो । त्यसैले इजाजत दिएपछि तदनुरूप कार्य भए–नभएको अनुगमन गर्ने दायित्व पनि नेपाल राष्ट्र बैंकको हो । यो दायित्व बैंकले अनिवार्यरूपमा निर्वाह गर्नुपर्छ । समग्रमा आफ्ना सदस्य तथा ऋणीको हितलाई बेवास्ता गर्दै जसरी पनि धेरैभन्दा धेरै मुनाफा आर्जन गर्ने कार्यमा लघुवित्तहरू लागेकैले यस्तो समस्या निम्तिएको हो । ऋणीको कर्जा भुक्तानी क्षमता, आम्दानीको स्रोत, कर्जा उपयोगितालगायत पक्षको बेवास्ता गरी जसरी पनि ऋण लगानी गर्ने सोचले यस्तो अवस्था आएको हो । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन अनुसार लघुकर्जा उपलब्ध गराउनु अघि सम्बन्धित कार्यको मूल्याङ्कन गरी सम्भाव्यता जाँच्ने दायित्व लघुवित्तहरूकै हो तर यसमा ती संस्थाहरू जानीजानी चुकिरहेका छन् ।

हुनत केही लघुवित्तहरू नियमानुसार नै चलेका छन्, तर अधिकांशको गलत नियतका कारण देशभर यस्ता संस्थामा बेथिति बढेको छ । विपन्नहरूको उठीबास लाग्न थालिसकेकोले बेलैमा सम्बोधन नभए यसले ठूलो सामाजिक समस्या निम्त्याउने प्रस्ट छ । यस्तो अवस्थामा मुलुकको समग्र वित्तीय प्रणालीमैं गम्भीर असर पर्न सक्छ । त्यसैले सरकार, नियामक निकाय, लघुवित्त सञ्चालकलगायत सरोकारवालाले यस्ता समस्या तत्काल सम्बोधन गर्न ठोस पहल गर्नुपर्ने अहिलेको आवश्यकता हो । मुलुकका करिब ६० लाख घरपरिवारले सेवा लिएको लघुवित्तको कार्यशैलीमा पुनर्विचार गरी र नियमनको पाटोलाई प्रभावकारी तुल्याई नागरिकलाई मारमा पर्नबाट जोगाउन सम्बन्धित सबैको ध्यान जानुपर्छ । विपन्न वर्गको वित्तीय पहुँच सुनिश्चित गर्न र उनीहरूलाई लाभान्वित तुल्याउन यस्ता संस्थामा आमूल सुधार हुनैपर्छ । नेपालमा लघुवित्त क्षेत्रले विगत अढाई दशकमा सङ्ख्यात्मक एवं गुणात्मकरूपमा ठूलो फडको मारेको छ । नेपालमा लघुवित्त संस्थाहरूको सङ्ख्या बढेसँगै प्रतिस्पर्धा पनि बढ्दो छ । वित्तीय उदारीकरणको नीति अनुरूप लघुवित्त क्षेत्र खुला गरिएपछि नेपालमा निजी क्षेत्रबाट सबैभन्दा पहिले २०५६ साउनदेखि निर्धन उत्थान लघुवित्त वित्तीय संस्था सञ्चालनमा आएको देखिन्छ । वित्तीय सेवाको पहुँच हेर्दा ७७ जिल्लामा पुगिसकेको र लाखौं परिवारले आय आर्जनका माध्यमबाट आफूलाई गरीबीको रेखाभन्दा माथि उकास्न सफल भएका छन् । लघुवित्तको अवस्था हेर्दा धेरै चुनौतीको सामना गर्नुपरेको देखिन्छ । दोहोरो कर्जा र यसको दुरुपयोग, उच्च सञ्चालन खर्च, स्रोत व्यवस्थापनमा परनिर्भरता, भौगालिक विकटता भएको क्षेत्रमा सेवा विस्तारमा कठिनाइ, अस्वस्थ प्रतिस्पर्धा, विपन्न वर्गमा सेवा पुऱ्याउन कठिनाईजस्ता समस्या देखिएका छन् । बढी मुनाफामा केन्द्रित हुँदा सामाजिक उत्तरदायित्व पालना गर्न कठिनाई, सरकारबाट अपेक्षित सहयोगको अभाव, मर्जरमा जान बाध्य पारिनु, सर्वसाधारणमा वित्तीय साक्षरताको अभाव, उद्देश्य अनुरूप लगानी नहुनु र स्प्रेडदर न्यून रहनुलगायत समस्या छन् ।

हाम्रोजस्तो अधिकांश ग्रामीण बस्ती भएको मुलुकमा वित्तीय समावेशीकरण, गरीबी निवारण तथा रोजगार सिर्जनाका लागि लघुवित्त क्षेत्रमा देखिएका यस्ता समस्या र चुनौती न्यूनीकरण गर्दै यसलाई एउटा उपयोगी वित्तीय औजारका रूपमा लिन सक्नुपर्दछ । मुलुकको आर्थिक उन्नयन र समृद्ध नेपाल निर्माणको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न लघुवित्तीय संस्थाको संस्थागत विकास र यसको प्रभावकारी कार्यान्वयनमा विशेष प्राथमिकता दिनुपर्ने आजको आवश्यकता हो ।



**बिक्रीमा ढाकी**: सुनसरीको इनरुवास्थित बिहीवारे हटियामा बिक्रीका लागि राखिएका ढाकी । बाँसबाट बनेका ढाकी प्रतिगोटा रु ३०० मा बिक्री हुने व्यापारी बताउँछन् । तस्वीरः रासस

# विस्तार हुँदै चैते धानखेती

चितवन, ४ फागुन/रासस

जिल्लामा चैते धान लगाउने क्षेत्रफल विस्तार भएको छ । कृषि ज्ञान केन्द्र, चितवनका अनुसार गत आर्थिक वर्षको तुलनामा यस वर्ष चैते धान लगाउने क्षेत्रफल विस्तार भएको हो । कार्यालयका अनुसार गत आर्थिक वर्षमा सात हजार ५७३ हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएकोमा यस वर्ष सात हजार ८०० हेक्टर पुगेको हो ।

कार्यालयका सूचना अधिकारी मीनबहादुर पुनका अनुसार जिल्लाको भरतपुर महानगरपालिकाका केही क्षेत्र, खैरहनी र माडी नगरपालिकामा चैते धानखेती हुँदै आएको छ । भरतपुर महानगरपालिका र खैरहनी नगरपालिकामा छ हजार ४०० हेक्टर क्षेत्रफल र माडी नगरपालिकामा एक हजार ४०० हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । जिल्लामा हर्दिनाथ हाइब्रिड १ र चैते ५ उन्नत जातको धानखेती गरिँदै आएको छ । हर्दिनाथ हाइब्रिड जिल्लाको २५ प्रतिशत क्षेत्रमा लगाइने गरेको उनले बताए । चैते धानमा सरकारको सहयोग हुनु र पर्याप्त सिंचाइका कारण क्षेत्रफल बढेको उनले जानकारी दिए ।

ज्ञान केन्द्रले चैते धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत २५० हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । उनले भने, "चैते धान प्रवर्द्धनका लागि राज्यको सहयोग हुनुले यसको क्षेत्रफल बढेको हो ।"

## लोप हुँदै ...

जाबो हालेर मारेछन् । नजीकैको सिरानमा प्रहरी चौकी थियो । त्यो प्रहरी चौकी जङ्गलमा बीचमा रहेको थियो । त्यो जङ्गलको एउटा रूखमा टोट्काभित्र त्यसका तीनवटा बच्चा रहेछन् । आमालाई मारेपछि बच्चा कराउँदा रहेछन् । त्यो कराएको नजीकैको प्रहरी चौकीमा आवाज सुनिंदोरहेछ । त्यो के रहेछ भनेर प्रहरीले अनुसन्धान गर्दै जाँदा ती औधका बच्चा भोकले कराउँदा रहेछन् । अनि प्रहरीले उद्धार गरेपछि प्रहरी चौकीमा तीनवटा बच्चा थिए । प्रहरी चौकीमा एकपटक कुकुर बिरामी हुँदा मलाई बोलाएर जाँदा प्रहरीले औधका तीनवटा बच्चा दूध दिएर पालेको देखेको थिएँ ।" उनले भने, "मैले असोजको अन्तिममा देखेका ती औधका बच्चाहरू २०५७ मङ्सिर १४ गते कोटबाडा प्रहरी चौकीमा माओवादीले आक्रमण गरे । त्यसपछि ती औधका बच्चा कहाँ गए थाहा भएन ।"

लोपोन्मुख अवस्थामा रहेको औधलाई गत वैशाख महीनामा नरहरिनाथ गाउँपालिका–९ लालुस्थित जनप्रभात माध्यमिक विद्यालयका प्रधानाध्यापक निर्मलकुमार विष्टले देखेको बताए । "विद्यालय परिसरभित्रै रहेको रूखमा देखेको छु । नजीकै रहेको मेहल खान आएको बेला त्यहाँ भेटिएको हो," उनले भने, "यसको मुख लामो हुन्छ । आखाँमाथि सेता रौंका दाग हुन्छन् । शरीरका रौं पूरै कालो भएपनि पछाडिको भागमा चुँडी लगाएजस्तो रौं सेतो हुन्छ ।" दुई प्रकार हुने गरेको पानी औध पानीमा बस्ने गरेको र हाम्रो क्षेत्रमा पाइने प्रायः डाँडा औध भन्ने गरिएको प्रअ विष्टले जानकारी दिए ।

## गुन्द्रुक ब्रान्डिङ ...

त्यसलाई ढिकीमा अथवा कुनै प्रविधिबाट कुच्याइन्छ र गहिरो खाडल वा प्लास्टिकको भाँडोमा खाद्ने गरिन्छ । खाडलमा खादिएको हो भने खाल्डोमाथि पुरेपछि आगो बालेर तताइन्छ । प्लास्टिकको भाँडोमा लगाइएको भए तातो ठाउँमा राखिन्छ ।

यसरी लगाइएको २२ दिनदेखि दुई महीनामा यसलाई बाहिर निकालिने गरिएको छ । खाल्डोमा लगाइएको भए माटो नलागोस् भनेर वरिपरि बाँसका द्वाङ, पराल, प्लास्टिक कोदोको नल आदि लगाएर बीचमा खाँदेर छोपिन्छ । साग अनुसार अट्ने खाल्डो खनिएपछि त्यसलाई समेत केही दिनभित्र आगो बालेर तातो पारिन्छ । लगाइएको प्रायः २२ दिनदेखि एक महीनामा यसको स्वाद अमिलो हुन्छ ।

निकालेर आवश्यकता अनुसार काटेर घाममा सुकाइन्छ । यसरी तयार पारिएको वस्तुलाई हावा नपस्ने गरी बिर्को लाएर कुनै बट्टामा राख्दा वर्षौंसम्म खान सकिन्छ ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## चार अर्ब बीस करोड युरो खुद नाफा कमाउन एयरबस सफल



तस्वीरः एजेन्सी

टुलुस, ४ फागुन/एएफपी

युरोपेली विमान निर्माता कम्पनी एयरबसले आपूर्ति शृङ्खलाको समस्याका कारण उत्पादन बढाउने क्षमतामा कमी आए पनि सन् २०२२ को नाफा कीर्तिमानी स्तरमा पुगेको जनाएको छ।

एयरबसले गत वर्ष ६६१ वटा विमान ग्राहकलाई हस्तान्तरण गर्ने योजना बनाए पनि खुद नाफा एक प्रतिशतले बढेर चार अर्ब २० करोड युरो (चार अर्ब ५० करोड अमेरिकी डलर) पुगेको छ।

महामारीको समयमा एयरलाइन्सहरू यात्रा प्रतिबन्धका कारण अधिकांश उडान रोक्न बाध्य भएका समय एयरबसले उत्पादन कटौती गरेको थियो।

कम्पनीले चाँडै महामारीका समय परेको आर्थिक बोझलाई सन्तुलित गर्ने विश्वास गरेको छ। विश्वभर यातायात सेवामा सुधार भइरहेको र एयरलाइन्सले उच्च इन्धनको मूल्यलाई ध्यानमा राख्दै इन्धन–कुशल विमानको खरीद बढाउन खोजिरहेको छ।

एयरबसका प्रमुख कार्यकारी गुइलाउम फाउरीले भने, "प्रतिकूल सञ्चालन वातावरणका बावजूद हामीले हाम्रो आपूर्ति शृङ्खलालाई हामीले अपेक्षा गरेको गतिमा सुधार गर्नबाट रोकेको र ठोस वित्तीय विश्वास प्रदान गरेका छौं।"

एयरबससँग १० हजारभन्दा बढी आपूर्तिकर्ता छन्। जसमध्ये केहीमा महामारीको समयमा कर्मचारीहरूले छोडेपछि उत्पादन बढाउन समस्या भएको थियो।

कच्चा माल प्राप्त गर्न बाधा भएको र युक्रेनमाथि रूसी आक्रमण पनि आर्थिक जटिलताको कारक बनेको कम्पनीले जनाएको छ।

"शुरूमा योजना गरिएकोभन्दा कम व्यावसायिक विमान डेलिभरी भएपछि कम्पनीले आफ्नो सञ्चालनलाई सोही अनुसार समायोजन गर्नुपरेको छ," उनले बताए।

एयरबसले सन् २०२३ मा ७२० वटा विमानलाई बजारमा ल्याउने लक्ष्य राखेको छ। विमान कम्पनीको बिक्री १३ प्रतिशत बढेर ५८.९ बिलियन युरो पुगेको छ। रासस

## क्युबाका केन्द्रीय बैंकका अध्यक्ष बर्खास्त

हवाना, ४ फागुन/एएफपी

क्युबाले केन्द्रीय बैंकका अध्यक्षलाई पदबाट हटाएको छ। बैंकका अध्यक्ष मार्था सबिना विल्सनको स्थानमा जोकिन अलोन्सो भाजक्वेजलाई नियुक्त गरिएको छ।

"जनगणतन्त्र क्युबाका राष्ट्रपति मिगुएल डियाज–क्यानेलको अनुरोधमा क्युबाली कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको पोलिटब्युरोको अनुमोदनपछि राज्य परिषद्ले जोकिन अलोन्सो भाज्क्वेजलाई केन्द्रीय बैंकको अध्यक्षमा पदोन्नति गर्न सहमत भएको हो"–क्युबाका सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

उनान्साठी वर्षीय भाज्क्वेजले सन् २०१७ देखि मर्कन्टाइल सोसाइटी अफ क्युबान एक्सचेन्ज हाउस (क्याडेका) को अध्यक्षका रूपमा काम गरेका थिए।


केन्द्रीय बैंकले लन्डनको एक अदालतमा नतिरेको ऋणलाई लिएर उच्च कानूनी लडाइँको सामना गरिरहेको बेला यो निर्णय आएको हो। बैंकविरुद्ध क्युबाली लगानी कोष (सिआरएफ–१)ले क्युबासँग हाल रहेको दुईवटा ऋणको सावाँ र ब्याजबापत करीब सात करोड २० लाख अमेरिकी डलरको मुद्दा दायर गरेको छ।सिआरएफ–१ का अनुसार बैंकले फिडेल क्यास्ट्रो क्युबाका नेता रहेका बेला युरोपका वाणिज्य बैंकबाट ऋण लिएको थियो। क्युबाले उक्त ऋण अवैध भएको र सिआरएफ–१ लाई 'गिद्धे कोष' को रूपमा व्याख्या गरेको छ।

'गिद्धे कोष' भनेको सङ्कटग्रस्त समयका लागि छुट्याइएको ऋण कोष हो, जसले धेरै कमजोर वा डिफल्ट मानिएको ऋणमा लगानी गर्दछ। यदि लन्डनको अदालतमा लगानी कोष कायम भयो भने यसले अन्य व्यावसायिक ऋणदाताहरूका लागि ढोका खोल्न सक्छ। कोषले उनीहरूलाई अरबौं डलर तिर्न बाँकी रहेको बताएका छन्।

कोभिड–१९ महामारीका बेला पर्यटनमा आएको गिरावट र अमेरिकी प्रतिबन्धका कारण तथा क्युबाली व्यापारमा लगाइएको प्रतिबन्धका कारण क्युबाको अन्तर्राष्ट्रिय सञ्चिति अनिश्चित अवस्थामा पुगेको हुन सक्ने अर्थशास्त्रीहरूले बताएका छन्। रासस

## युक्रेनको शान्तिका लागि चीन र फ्रान्स समन्वय गर्न सहमत

पेरिस ४ फागुन/एएफपी



फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों र चीनका उच्च कूटनीतिज्ञ वाङ यीबीच युक्रेनमा 'शान्ति स्थापनाका लागि' योगदान गर्न सहमति भएको फ्रान्सका राष्ट्रपतिको कार्यालयले बिहीवार जनाएको छ।

मस्कोको महत्त्वपूर्ण सहयोगी रहेको र करीब एक वर्ष अघि युक्रेनमाथि भएको आक्रमणको निन्दा नगरेको बेइजिङले रूसलाई वार्ताको टेबलमा फर्कन दबाब दिनेछ भन्ने विश्वास आफूलाई रहेको म्याक्रोंले बताएका छन्।

बुधवार पेरिसमा म्याक्रों र वाङले युद्ध र यसले अति जोखिममा रहेका मुलुकहरूमा पार्ने, विशेषगरी खाद्य सुरक्षा र वित्तीय क्षमता माथिको असरबारे छलफल गरेका थिए।

उनीहरूले 'अन्तर्राष्ट्रिय कानून अनुसार शान्तिका लागि योगदान गर्ने एउटै उद्देश्य' व्यक्त गरेका एलिसी प्यालेसले जनाएको छ।

फ्रान्स भ्रमणपछि वाङ शुक्रवारदेखि आइतवारसम्म हुने म्युनिख सुरक्षा सम्मेलनमा सहभागी हुँदै आफ्नो भ्रमणलाई निरन्तरता दिनेछन्। उनले मस्कोको पनि भ्रमण गर्नेछन्।

फ्रान्सेली राष्ट्रपतिले जलवायु सङ्कटलगायत 'विश्वव्यापी चुनौती'को सामना गर्न चीनसँग सहकार्य गर्ने बताएका छन्।

वाङले बुधवार फ्रान्सकी विदेशमन्त्री क्याथरिन कोलोनासँग भेटवार्ता गरेका थिए भने बिहीवार म्याक्रोंका कूटनीतिक सल्लाहकार इमानुएल बोनसँग रणनीतिक विषयमा छलफल गर्नेछन्। रासस


### वीरगंज महानगरपालिकाको जनहितमा जारी अपील

यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत विद्यालयले भर्ना भएको सङ्ख्याको १० प्रतिशतले हुन आउने विद्यार्थी सङ्ख्यालाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम छात्रवृत्ति वितरण गर्नुहुन सबै संस्थागत विद्यालयलाई सूचित गर्नुका साथै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## नेकपा (एस)को वडा कमिटी गठन

प्रस, बिरुवागुठी, ४ फागुन/

नेकपा एकीकृत समाजवादी पार्टी पर्सागढी नगरपालिका वडा नं ८ को वडा कमिटी आज विस्तार गरिएको छ।

नेकपा (एस) प्रदेश कमिटी सदस्य रामेश्वर मण्डलको प्रमुख आतिथ्यमा बसेको बैठकले सन्तोष साहको अध्यक्षतामा १७ सदस्यीय वडा कमिटी विस्तार गरेको हो। उपाध्यक्ष बिहारीलाल साह, सचिव गोविन्दप्रसाद साह र सहसचिवमा मदन चौधरीलगायत रहेका छन्।



कार्यक्रममा नेकपा (एस)का नगर संयोजक सत्यनारायणदास थारू, सचिव अरुणप्रकाश रेग्मीलगायत नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

## फाउन्डेशनको संयोजकमा धीरज गुप्ता


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ४ फागुन/

गिरिजाप्रसाद कोइराला फाउन्डेशनको पर्सा संयोजकमा धीरजकुमार गुप्ता मनोनीत भएका छन्। फाउन्डेशनको निर्णय बमोजिम पर्सा जिल्ला संयोजक पदमा दुई वर्षको लागि गुप्तालाई मनोनीत गरिएको फाउन्डेशनकी अध्यक्ष सुजाता कोइरालाद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ।

## सामूहिक विवाह र रक्तदान सम्पन्न

प्रस, वीरगंज, ४ फागुन/

सन्त रामपालजी महाराजको बोध दिवसको अवसरमा धनुषाको मिथिला नगरपालिका–२ बेलाचापीस्थित सतलोक आश्रममा रक्तदान तथा तीन जोडीको सामूहिक विवाह भएको छ।

कार्यक्रममा ४१ जनाले रक्तदान गरेको संस्थाका अध्यक्ष कुमार डङ्गोलले बताए।

यसैगरी, कार्यक्रममा तीन नवजोडीको सामूहिक रमैणी विवाह गरिएको थियो।


तस्वीरः सौजन्य

तीन दिनसम्म चल्ने कार्यक्रममा आज सशस्त्र प्रहरीका डिआइजी गणेश ठाडामगर, मधेस प्रदेशसभा सदस्य हनिारायण महतोलगायत सहभागी थिए।

## लागूऔषधसहित चारजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ४ फागुन/

प्रतिबन्धित लागूऔषधसहित चारजना युवक पक्राउ परेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

बुधवार साँझ वीरगंज महानगरपालिका–१६ स्थित डाँफे होटलबाट सर्लाही, लालबन्दी नगरपालिका–८ का १९ वर्षीय राज मन्सुरी, १९ वर्षीय विशाल मोक्तान, वडा नं ७ का २० वर्षीय राजु रानामगर र धादिङ, गजुरी नगरपालिका–२ का २० वर्षीय अजय तामाङलाई लागूऔषधसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

उनीहरूको साथबाट प्रतिबन्धित लागूऔषध डाइजेपाम ५० एम्पुल, नुरफिन ५० एम्पुल, फेनारगन ५० एम्पुल बरामद भएको जिप्रका, पर्साले जनाएको छ।

भारतको रक्सौलबाट लागूऔषध किनेर वीरगंजमा बसेको सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरी अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।

## लोत्से मल तोडफोड र प्रहरीको गाडी आगजनी गर्ने पन्ध्र पक्राउ

काठमाडौं, ४ फागुन/रासस

प्रहरीले फागुन १ गते सोमवार नयाँ बसपार्कमा सञ्चालित लोत्से मल तोडफोड तथा चोरी र प्रहरीको गाडी आगजनी घटनामा संलग्न १५ जनालाई पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मजदूर आन्दोलनको नाममा प्रहरीको गाडी, प्रहरी पोस्टमा आगजनी र लोत्से मलमा तोडफोड गर्ने १५ जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा काभ्रेका १९ वर्षीय सुरज मगर, उदयपुरका ३० वर्षीय रितेश बस्नेत, मोरङका ३० वर्षीय यमन राई, नुवाकोटका १८ वर्षीय सुनील कालीकोटे, २२ वर्षीय रोमन नगरकोटी, १८ वर्षीय सुदीप तामाङ, ३३ वर्षीय माधव शाही र १९ वर्षीय केशर राई रहेका छन्।

सिन्धुलीका १८ वर्षीय इन्द्र तामाङ, धादिङका २६ वर्षीय इलाराज गुरुङ, उदयपुरका २७ वर्षीय राजन राउत, काभ्रेका २८ वर्षीय हरिशरण तामाङ, धादिङका १८ वर्षीय विकाश गुरुङ, चितवनका २७ वर्षीय संविधान परियार र काठमाडौंका १९ वर्षीय कविन खड्गी रहेका छन्।

कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले आगजनी तथा तोडफोड गर्नेमा विद्यार्थी, ड्राइभर, सहचालक रहेको जानकारी दिए। गत सोमवार यातायात मजदूरले आफ्ना माग पूरा गर्नुपर्ने भन्दै आन्दोलन गरेका थिए। आन्दोलन उग्र बनेपछि प्रदर्शनकारीले प्रहरी वृत्त बालाजुका दुईवटा गाडी र अस्थायी प्रहरी बिट जलाएका थिए भने नयाँ बसपार्कस्थित लोत्से मल तोडफोड गर्नुका साथै त्यसभित्र पसेर मोबाइल लुटपाट गरेका थिए। पक्राउ परेकामाथि चोरी तथा डाँका मुद्दामा अनुसन्धान भइरहेको प्रवक्ता राठौरले बताए। यसअघि बुधवार मात्रै प्रहरीले १० जनालाई पक्राउ गरी सार्वजनिक गरेको थियो।

## मधेस प्रदेशसभा : भुक्तानी दिन बाँकी रकमका विषयमा छानबीन गर्न उच्चस्तरीय संसदीय समिति गठन

जनकपुरधाम, ४ फागुन/रासस

मधेस प्रदेशसभाको बिहीवारको बैठकले गत आर्थिक वर्षमा कार्यान्वयन भएका योजनाको भुक्तानी दिन बाँकी रकमका विषयमा छानबीनका लागि उच्चस्तरीय संसदीय समिति गठन गरेको छ।

अर्थमन्त्री सञ्जयकुमार यादवले अघिल्लो आर्थिक वर्षमा भुक्तानी दिन बाँकी रकमका विषयमा छानबीनका लागि उपसभामुख बबिताकुमारी राउतको नेतृत्वमा १८ सदस्यीय उच्चस्तरीय छानबीन संसदीय समिति गठनको प्रस्ताव सभासमक्ष प्रस्तुत गरेका थिए। सभामुख रामचन्द्र मण्डलले अर्थमन्त्रीबाट प्रस्तुत प्रस्ताव प्रदेशसभा बैठकबाट सर्वसम्मत पारित भएको घोषणा गरे।

उच्चस्तरीय संसदीय समितिमा प्रदेशसभा सदस्य कनिष पटेल, रत्नेश्वर गोइत यादव, श्यामप्रसाद पटेल, सुनीलकुमार यादव, बच्चा राउत अहिर, राजकुमार गुप्ता, मो समीर, हरिनारायण महतो, चन्दनकुमार सिंह, शम्भुकुमार साह, जयलुन राइन, रानीकुमारी तिवारी, उर्मिलादेवी सिंह, कञ्चन विच्छा, विमला अन्सारी, अनिरुद्रकुमार सिंह र प्रमोदकुमार जयसवाल रहेका छन्। समितिको कार्यावधि कार्य प्रारम्भ भएको मितिले ३० दिनको हुनेछ।

समिति गठनको प्रस्ताव प्रस्तुत गर्दै अर्थमन्त्री यादवले भुक्तानी गर्न बाँकी रहेका योजनाको स्थलगत निरीक्षण तथा नापजाँच, सरोकारवाला निकायसँग कागजात माग्ने, सरकारी पदाधिकारीसँग बयान लिनेलगायतका काम गरी भुक्तानीका लागि सहजीकरण गर्ने जानकारी दिएका थिए।

प्रदेश सरकारका विभिन्न निकायले आर्थिक वर्ष २०७८/७९ मा उपभोक्ता समिति तथा बोलपत्रमार्फत गरेका मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमलगायत योजनाको रु एक अर्बभन्दा बढी रकम भुक्तानी गर्न बाँकी छ। उपभोक्ता समिति र निर्माण व्यवसायीले भुक्तानीका लागि पटक–पटक

(बाँकी अन्तिम पातामा)

# वृक्षारोपण संरक्षण गर्ने महानगरको योजना




प्रस, वीरगंज, ४ फागुन/
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वृक्षारोपण संरक्षणका लागि महानगरले योजना बनाएको बताएका छन् ।

महानगरपालिकाले आयोजना गरेको वन वातावरण तथा वन उद्यमसम्बन्धी दुई दिने अभिमुखीकरण समापन कार्यक्रममा उनले वातावरण संरक्षणका लागि वृक्षारोपण गर्ने मात्र होइन, त्यसको संरक्षण गर्नुपर्ने दायित्व पनि रहेको बताए। उनले महानगरका विभिन्न स्थानमा रहेका खाली जग्गामा वृक्षारोपण गरेर हराभरा बनाउनेतर्फ महानगर लागिपरेको बताए ।

कार्यक्रममा डिभिजन वन कार्यालय, पर्साका सहायक वन अधिकृत फरमान मियाँले वातावरण संरक्षण र गरीबी निवारणका लागि वनको विस्तार गर्नुपर्ने बताए ।

समृद्धिका लागि वन परियोजना अन्तर्गत महानगरपालिकाका ३२ वटै वडाका अध्यक्ष एवं सचिवहरूको लागि आयोजित अभिमुखीकरण कार्यक्रममा मियाँले जलवायु, मौसम र वातावरणबारेमा प्रकाश पारेका थिए । उनले तापक्रम, वर्षा र वायु चाप नै मौसम र जलवायुका मापदण्ड भएको बताए ।

वन प्राविधिक दशरथ रौनियारले वनमा आधारित उद्यमका बारेमा जानकारी गराएका थिए । उनले वनमा आधारित उद्यम सञ्चालनका लागि बैंक एवं वित्तीय संस्थाबाट ऋण लिंदा नौ प्रतिशतभन्दा बढी ब्याज लिन नमिल्ने बताए ।

वीरगंज–२६ का अध्यक्ष शम्भु मिश्रले वृक्षारोपणलगायतका कार्यका लागि वडाहरूलाई पनि आवश्यक बजेट उपलब्ध गराउनुपर्ने माग गरे ।

# सिद्धेश्वर मन्दिरमा शिवरात्रिको तयारी

प्रस, वीरगंज, ४ फागुन/
कलैया उपमहानगरपालिकास्थित सिद्धेश्वरनाथ महादेव मन्दिरमा शिवरात्रिको तयारी सकिएको छ । सिद्धेश्वर महादेव मन्दिरका संयोजक प्रधानाध्यापक छविरमण सुवेदीले फागुन ६ गते शनिवार परेको महाशिवरात्रिको दिन मन्दिरमा हुने अखण्ड रुद्राभिषेक, दुर्गापाठ, हवन र विशेष त्रिकाल, शिव शृङ्गार पूजन र मेला लाग्दै आएकामा सोको व्यवस्थापनको लागि उपसमितिहरू गठन गरेर तयारी अवस्थामा रहेको बताए ।

उनले अतिथि सत्कार, मेला सञ्चालन तथा व्यवस्थापन, सरसफाइ, पूजा व्यवस्थापन, पगडी बाँध्ने, प्रसाद वितरण एवं भान्सा व्यवस्थापन, बोलबम व्यवस्थापन तथा दाउरा वितरण, शिवपूजन, अखण्ड रुद्राभिषेक, अखण्ड हवन, दुर्गा सप्तशती, जलवाहक, हवन, भान्सा र सरसफाइ उपसमितिहरू गठन भएको र जिम्मेवारी सुम्पिएको बताए ।

शिवरात्रिको दिन पञ्चामृत स्नान, बेलपत्र, प्रसाद अर्पण गरी उपवास बस्नाले मनकामना पूरा हुने विश्वास रहेको हुँदा शिवरात्रिको दिन नगर तथा जिल्लाका भक्तजनहरूलाई सिद्धेश्वरनाथ महादेव मन्दिरको पूजा, दर्शन, अवलोकन गरी लाभ लिन संयोजक सुवेदीले आग्रह गरे ।


## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### मधेस प्रदेशसभा ...
माग गर्दै आएका छन् भने यसअघि भौतिक पूर्वाधार विकास मन्त्रालयले यही समस्या समाधानका लागि एक छानबीन समितिसमेत गठन गरेको छ ।

### टयाङ्करको ठक्कर ...
शीतलपुरका ७० वर्षीय महाराज साह कानू रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ ।

पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ बजार सडकखण्डमा UP 72 BTO 859 नम्बरको टयाङ्करले बिहान करीब ११ बजे ठक्कर दिएको थियो ।

सो ठक्करबाट गम्भीर भएका कानूको थप उपचारको क्रममा वीरगंज बहुअरीस्थित एलएस न्युरो अस्पतालमा बेलुकी ६:१५ बजे मृत्यु भएको अस्पताल प्रशासनले जानकारी दिएको इप्रका, निजगढका प्रमुख एवं प्रनि सञ्जीव ओलीले जानकारी दिए । बोलबम तीर्थयात्री सडकमा रोकिएको बसको पछाडिबाट सडक पार गर्ने क्रममा टयाङ्करले ठक्कर दिएको प्रत्यक्षदर्शीहरूले बताए ।

सो टयाङ्कर पूर्वबाट पश्चिमतर्फ जाँदै थियो । सो घटनापछि टयाङ्करसहित चालक भारतको उत्तर प्रदेश बस्ने धीरेन्द्रकुमार यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### बाबा बैधनाथ विद्यालय ...
बताए ।

घटनापछि सिर्जित परिस्थितिप्रति सन्तुष्टि जाहेर गर्दै कर्मचारी र शिक्षकहरूले सामूहिक सरुवाको माग फिर्ता लिएको प्रअ बादशाह साहले बताए ।

उनले हिजोको घटनापछि कर्मचारी र शिक्षकहरूले सामूहिक सरुवाको माग गरेको तर आजको छलफलपछि सो सरुवाको माग फिर्ता लिएको बताए ।

# खेलकूदको संसार

## खो–खो खेल्न वीरगंजको टोली भक्तपुर प्रस्थान



प्रस, वीरगंज, ४ फागुन/
भक्तपुर नगरपालिकाको आयोजनामा शुक्रवारदेखि हुने अन्तरनगर पुरुष खो–खो प्रतियोगितामा सहभागी हुन वीरगंजको टोली बिहीवार प्रस्थान गरेको छ। नगरप्रमुख राजेशमान सिंहले टीका लगाएर टीम म्यानेजरसहित १४ जना खेलाडीलाई बिदाइ गरेका थिए ।

शुक्रवारदेखि ९ गतेसम्म हुने प्रतियोगितामा विभिन्न नगरपालिका तथा महानगर गरी १४ वटा टीमको सहभागिता हुने भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले जानकारी दिएका छन् ।

## आइसिसी : नेपालले स्कटल्यान्डसँग खेल्ने

काठमाडौं, ४ फागुन/रासस
आइसिसी (अन्तर्राष्ट्रिय क्रिकेट परिषद्) विश्वकप क्रिकेट लिग २ अन्तर्गत त्रिकोणात्मक एक दिवसीय शृङ्खला अन्तर्गत नेपालले शुक्रवार स्कटल्यान्डसँग खेल्ने भएको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा भोलि हुने खेलमा घरेलु टोली नेपाल स्कटल्यान्डलाई पराजित गर्ने सोचका साथ मैदानमा उत्रनेछ। यसो त आइसिसी क्रिकेट विश्वकप लिग २ को विजेता बनिसकेको स्कटल्यान्डलाई हराउन नेपाललाई त्यति सहज भने हुनेछैन। कीर्तिपुर खेल मैदानमा बुधवार भएको खेलमा स्कटल्यान्डले नामिबियालाई १० विकेटको फराकिलो अन्तरले पराजित गर्दै लिग २ को विजेता बनेको थियो। स्कटल्यान्ड आफ्नो तीन खेल बाँकी छँदै विजेता बन्न सफल भएको हो।

यसअघि यही फागुन २ गते नामिबियाविरुद्ध पहिलो खेलमा नेपालले ऐतिहासिक सफलता हासिल गरेको थियो। यस कारण पनि स्कटल्यान्डलाई पराजित गर्ने नेपालको लक्ष्य रहेको छ। नेपाली क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देसाईको प्रशिक्षणमा नेपालले पहिलोपटक नामिबियालाई हराएको थियो। नेपालले दुई विकेटले पराजित गर्दै नामिबियामाथि ऐतिहासिक सफलता हासिल गरेको हो।

लिग २ को शीर्ष स्थानमा रहेको स्कटल्यान्डले ३३ खेलमा २३ मा जीत र आठ खेलमा हार बेहोरेको छ। स्कटल्यान्ड ४८ अङ्कका साथ शीर्ष स्थानमा छ। स्कटल्यान्डले अब नेपालसँग दुई र नामिबियासँग एक गरी कुल तीन खेल खेल्न बाँकी छ। बाँकी सबै खेलमा पराजित भएपनि स्कटल्यान्ड शीर्षस्थानमा रहनेछ। उसलाई अब कुनै पनि टोलीले पछि पार्न सक्दैन।

त्यस्तै, लिग २ मा नेपालले अब ११ खेल्न बाँकी छ। २५ खेलमध्ये नौमा जीत र १४ खेलमा हार बेहोरेको नेपाल २० अङ्कसहित अङ्कतालिकाको छैटौं स्थानमा छ। एक दिवसीय मान्यता पाएका विभिन्न सात एशोसिएट राष्ट्र सहभागी लिग २ मा एउटा टोलीले ३६ खेल खेल्नेछ। नेपाललाई एक दिवसीय मान्यता बनाइरहन पनि अबका बाँकी खेल जित्नैपर्ने दबाब छ।

नेपालले सन् २०१८ को मार्चमा भएको एक दिवसीय विश्वकप छनोट प्लेअफमा पपुवा न्यूगिनीलाई पराजित गरी पहिलोपटक एक दिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएको थियो। नेपालको त्यो एक दिवसीय मान्यता आगामी जुलाईसम्म मात्र रहनेछ। एक दिवसीय मान्यता पाउनलाई पनि नेपाललाई बाँकी खेल जित्नैपर्ने दबाब छ। एक दिवसीय मान्यता पाउन लिग २ मा नेपाल शीर्ष पाँचभित्र अटाउनुपर्नेछ।

यसैगरी, लिग २ मा ओमान ३६ खेलमा २१ मा जीत र १३ मा हारसहित ४४ अङ्कका साथ दोस्रो स्थानमा छ। नामिबिया ३२ खेलमा १८ मा जीत र १३ मा हारका साथ ३७ अङ्कका साथ तेस्रो स्थानमा छ। अमेरिका ३६ खेलमा १६ मा जीत र १७ मा हारसहित ३५ अङ्कका साथ चौथो स्थानमा छ। युएई २६ खेलमा १२ मा जीत र ११ मा हारसहित २७ अङ्कका साथ पाँचौं स्थानमा छ। पपुवा न्यूगिनी २८ खेलमा दुईमा जीत र २५ मा हारसहित ५ अङ्क जोड्दै अन्तिम स्थानमा छ।

# वीरगंज कलेजले रात्रि सांस्कृतिक र खाना मेला गर्ने

प्रस, वीरगंज, ४ फागुन/
वीरगंज कलेजले बिहीवार पत्रकार सम्मेलन गरी फागुन १२ र १३ गते दुई दिन कलेजको वार्षिकोत्सवको अवसरमा रात्रि सांस्कृतिक तथा खाना मेला आयोजना गर्न लागेको जनाएको छ ।

विद्यालयका अध्यक्ष डा दीपेन्द्र चौधरीले विद्यार्थीहरूमा सिक्दै जाऔं कमाउँदै जाऔं भन्ने अवधारणाको विकास गर्न वीरगंज महानगरपालिकाको रात्रिबजार र नेपाल सरकारको स्टार्टअप अवधारणालाई साकार पार्न तथा पर्सा र बाराका लोक सांस्कृतिक तथा परम्परागत खानालाई प्रवर्द्धन गर्न दुई दिने रात्रि सांस्कृतिक तथा खाना मेला आयोजना गर्न लागेको बताए । उनले महानगरको मुख्य प्रायोजनमा तथा अन्य सङ्घसंस्थाहरूको आर्थिक सहयोगमा आयोजना हुने मेलामा स्वादिलो खानाका साथै स्थानीय कलाकारहरूको प्रस्तुति रहने बताए ।

कलेजले विद्यार्थीहरूको व्यक्तित्व विकासका साथसाथै व्यवसायप्रति उत्प्रेरित गराउनको लागि प्रत्येक वर्ष तालीम, सेमिनार, वर्कशप गराउँदै आएको र सोलाई व्यवहारमा रूपान्तरण गर्न विद्यालयले मेला आयोजना गर्न लागेको बताए । उनले मेलामा २५ वटाभन्दा बढी स्टल राखिने र त्यसको जिम्मेवारी विभिन्न विद्यार्थी समूहलाई दिइने र सोबाट हुने आम्दानी विद्यार्थीहरूको हुने बताए । उनले यस कार्यको लागि विद्यार्थीहरूसँग कुनै शुल्क नलिएको र सहभागीहरूसँग पनि मेला प्रवेश शुल्क नलिइने भन्दै सबैको



तस्वीरः प्रतीक

सहभागिताको लागि अपील गरे ।

पत्रकार सम्मेलनमा कलेजका प्रधानाध्यापक विनोद गुप्ता, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, पर्साका अध्यक्ष अनुप तिवारीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण पत्रकार नीरज पिठाकोटे मगरले गरेका थिए ।

# रामनगरीमा पढाइ मेला सम्पन्न

प्रस, पोखरिया, ४ फागुन/
नेपालमा शिक्षा समूहको सुदृढीकरण परियोजनामा सिकाइ निरन्तरता अभियान अन्तर्गत पढाइ मेला कार्यक्रम मुखदेव सुशीला मावि, रामनगरीमा सम्पन्न भएको छ ।

विद्यालयका संस्थापक मुखदेव प्रसादको अध्यक्षता तथा नगरप्रमुख सिंघासन साहको प्रमुख आतिथ्यमा सम्पन्न मेला कार्यक्रममा प्रशासकीय अधिकृत विदुर उप्रेती, शिक्षा प्रमुख पार्वती पौडेल र शिक्षा विकास तथा समन्वय एकाइ पर्साका सहायक प्रमुख मनोज चौधरी, युनिसेफका प्रबन्धक राम श्रेष्ठ, गणेश विश्वकर्मा र नगरपालिकाका १८ वटा विद्यालयका प्रधानाध्यापकहरूको सहभागिता थियो। मेला कार्यक्रममा विद्यार्थीहरूबीच चित्रकला प्रतियोगिता, पाठ पढाइ, नृत्य प्रदर्शन र प्राविधिक धारतर्फका विद्यार्थीहरूद्वारा कृषिमा प्रयोग भएका उपकरणहरूको प्रदर्शन साथै त्यसको विश्लेषण जस्ता क्रियाकलापहरू समावेश गरिएका थिए ।



कार्यक्रममा विद्यार्थीहरूमा फास्ट ट्र्याक पद्धतिद्वारा e-learning portal को बारेमा विशेष जानकारी गराइएको थियो ।